# प्रभाव दैनिक

National Daily

वर्ष १२ | अंक ५८ | काठमाडौं | शुक्रबार, ०६ असार २०८२ | Prabhab National Daily | Friday, June 20 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**अनलाइन ठगीबाट बचौं र बचाऔं**

अनलाइन ठगहरूले:
- तपाईंले चिट्ठा जित्नुभयो,
- तपाईंको बैंक खाता बन्द हुँदैछ, तुरून्त इतए पठाउनुहोस्,
- यो लिङ्क क्लिक गर्नुस, ठूलो इनाम पाउनुहुनेछ,
- म विदेशबाट पैसा पठाउँदै छु, तपाईंको खाता पठाउनुहोस् जस्ता अनेकौं प्रलोभन दिन सक्छन् ।

त्यसबाट बच्न:
- OTP, पासवर्ड वा बैंक विवरण कसैलाई नदिऔं,
- अपरिचित लिङ्क वा एप डाउनलोड नगरौं,
- कुनैपनि प्रकारका प्रस्तावमा नलोभिऔं,
- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिलाई व्यक्तिगत जानकारी नदिऔं,
- ठगी भएको वा हुन लागेको शंका लागेमा तुरून्तै नजिकको प्रहरीलाई खवर गरौं ।

'सावधानी अपनाऔं, अनलाइन ठगीबाट बचौं'

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रतिनिधि सभामा थरीथरी विपक्षी

# कोही सत्तापक्षको समर्थनमा कोही चार घण्टा अनसनमा







■ प्रभाव संवाददाता

**काठमाडौं–** बिहीबार प्रतिनिधि सभामा बजेटमाथिको बहस जारी रहँदा सत्तापक्षदेखि प्रतिपक्षको प्रस्तुति रोचक देखियो । बिहान ११ बजेका लागि डाकेको बैठक दलहरूसँगको छलफलपछि करिब दिउँसो १ बजेबाटमात्र शुरु भयो । शुरुमै राष्ट्रिय स्वतन्त्र पार्टीले उठेर विरोध जनाएपछि सभामुख देवराज घिमिरेले सांसद हरि ढकाललाई बोल्न समय दिए ।

गृहमन्त्री रमेश लेखकले भुँईमान्छेको प्रश्नमा कटाक्ष गरेको भन्दै रास्वपा सांसद ढकालले यसको जवाफ माग गरे । जवाफ नआएसम्म आन्दोलन जारी रहने उनको भनाई थियो । 'हाम्रो आन्दोलन जारी छ । हाम्रो दलले उठाएको माग पुरा नभएसम्म हाम्रो आन्दोलन जारी छ,' ढकालले भने । उनले गृहमन्त्री लेखकको राजीनामा माग्दै गर्दा सभामुखे घिमिरेले माइक काटेर प्रमुख प्रतिपक्षी दलका प्रमुख सचेतक हितराज पाण्डेलाई समय दिए । पाण्डेले बोल्नसाथ रास्वपा भने रोस्टम अगाडि पुगेर विरोधमा उत्रियो ।

त्यसपछि राष्ट्रिय प्रजातन्त्र पार्टीका सचेतक ज्ञानेन्द्रबहादुर शाहीले बोल्ने समय पाए । उनले यसअघि २०६४ सालदेखिका १४ जना गृहमन्त्री भएका सबैको भिजिट भिसा प्रकरणमा छानबिन हुनुपर्ने माग राखे । शाहीले भिजिट भिसा प्रकरणमा छानबिन समिति नबनेसम्म र विरोध जारी रहेसम्म सदन चलाए बहिस्कार गरेर अघि बढ्ने चेतावनी दिए । लगत्तै सभामुख घिमिरेले शुन्य समय सकिएको घोषणा गरे पनि विपक्षीहरू उभिएपछि एकीकृत समाजवादीका सांसद राजेन्द्र पाण्डेले बोल्ने समय पाए ।

- प्रतिपक्षी सांसद राजेन्द्र पाण्डेले सरकारको समर्थन गर्दै दुई वर्षको 'कुलिङ पिरियड' हटाउन उच्च पदस्थका कर्मचारीले दबाब दिएकोमा खुट्टा नकमाउन आग्रह गरे
- बजेट जनमुखी नभएको र दैलेखलाई सम्बोधन नभएको भन्दै एकीकृत समाजवादीका सांसद अम्मरबहादुर थापाले किताबै च्याते
- चार घण्टा चलेको प्रतिनिधि सभाको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरु बैठकभर पलेटी कसेर अनसन बसे

प्रतिपक्षी सांसद पाण्डेले दुई वर्षको 'कुलिङ पिरियड' हटाउन उच्च पदस्थका कर्मचारीले दबाब दिएकोमा सरकारलाई खुट्टा नकमाउन आग्रह गरे । यसको विरोधमा सचिवहरू देखिएको र उनीहरूले यसको विरोध गरे सहसचिवले देश सम्हाल्ने उनको भनाई थियो । 'कुलिङ पिरियड खारेज गराउनको लागि संयुक्त राजीनामा दिन्छौं भनेर धम्की दिँदै विधेयक ल्याउन रोकावट भएको सुन्नमा आएको छ । सरकारले खुट्टा नकमाओस्, तुरुन्त ल्याओस् । २५ जना सचिवले राजीनामा दिन्छन् भने नयाँ सहसचिवले काम पाउँछन् । नयाँ व्यक्तिले जिम्मेवारी पाउँछन्,' पाण्डेले भने, 'धम्कीका भरमा सरकार डराउन हुन्न ।'

बजेट जनमुखी नभएको र दैलेखलाई सम्बोधन नभएको भन्दै एकीकृत समाजवादीका सांसद अम्मरबहादुर थापाले किताबै च्याते ।

क्रमशः पृष्ठ २ मा

# आलमलाई उन्मुक्ति दिएका दुई न्यायाधीश तानिए छानबिनमा

■ जेबी योञ्जन

**काठमाडौं–** कांग्रेस नेता मोहम्मद आफताब आलमसहित चार जनालाई सफाइ दिएका उच्च अदालत वीरगञ्जका न्यायाधीशद्वय खुसीप्रसाद थारु र अर्जुन महर्जन फैसलाको तीन सातापछि छानबिनमा तानिएका छन् । सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको अध्यक्षतामा बिहीबार गठित समितिले न्यायाधीशद्वय थारु र महर्जनउपर छानबिन गर्ने भएको छ ।

गत १४ जेठमा न्यायाधीशद्वयले जिल्ला अदालत रौतहटको गत वर्षको असारमा आलम र अन्य तीनलाई जन्मकैदको फैसला गरेकोमा उल्टाइदिएको थियो । त्यसविरुद्ध रौतहट बमकाण्ड भनेर चिनिने उक्त घटनामा मारिएका पिन्टु राजपुतका पिता ८४ वर्षे नारायणसिंहले सोमबार न्याय परिषद्मा उजुरी दिएका थिए । उजुरीमा उनले 'तथ्य प्रमाणभन्दा बाहिर गई सफाइ दिने न्यायाधीशद्वयमाथि छानबिन गरिपाऊँ' भनेका छन् ।

१७ वर्षअघि २०६४ चैत २७ गते रौतहटको राजापुरमा बम विस्फोट भएको थियो । संविधानसभा चुनावको अघिल्लो दिन भएको बम विस्फोटमा पिन्टु भनिने त्रिलोकप्रताप सिंह राजपुत र ओसी अख्तर घाइते भएका थिए । उनीहरूलाई इँटाभट्टामा फालेर जिउँदै जलाएको कसुर आलमसहितले गरेको भनिएको छ । जिल्ला अदालत रौतहटले पनि सोहीअनुसार जन्मकैदको सजाय गरेको थियो । त्यसविरुद्ध भएको पुनरावेदनको सुनुवाइमा जेठ १४ गते न्यायाधीशद्वयको इजलासले जिल्ला अदालतको फैसला उल्ट्याएको थियो । फैसला भएकै दिन नख्खु कारागारमा रहेका आलम छुटेका थिए ।

यसपछि न्यायिकवृत्तमा आमलसहितलाई सफाइ दिने फैसलाप्रति प्रश्न उठेको थियो । संसद्मा समेत यो फैसलापछि आलमले उन्मुक्ति पाएको विषयले प्रवेश पायो । कतिपयले त आलमले सफाइ पाएको सन्दर्भमा सत्ताको छायाँ परेको भनेर टिप्पणी गर्थे । सारा तथ्य र प्रमाण एकातिर र उच्चको फैसला अर्कोतिर आएको भन्दै विरोध गर्थे ।

न्यायालयप्रतिको भरोसा र विश्वसनीयतासँगै जनआस्था गुम्नेगरी बहस नै भयो । यस्तोमा बिहीबार सर्वोच्चले न्यायाधीश शर्माको नेतृत्वमा छानबिन समिति गठन गरेको हो ।

न्याय परिषद् स्रोतको दाबीमा न्यायाधीशद्वय थारु र महर्जनलाई बिहीबारदेखि इजलासमा बस्नबाट रोक लगाइएको छ । उनीहरूलाई सर्वोच्चमा हाजिर हुन बोलाइएको हो ।

यसअघि न्यायपरिषद् मौन थियो । न्यायपरिषद्को मौनतालाई न्यायिकवृत्तले नै अस्वाभाविक र गैरजिम्मेवार भनेको थियो । यसपछि न्यायपरिषद् दबाबमा पऱ्यो । यहीबीच बिहीबार छानबिन समिति गठन भएको हो ।

उच्च अदालत वीरगञ्ज इजलासले १४ जेठमा आलमसहित उनका भाइ मोहम्मद महताब आलम, शेख सराज र बद्री सहनीलाई जिल्ला अदालत रौतहटको फैसला उल्ट्याउँदै सफाइ दिएको हो । राजापुर बमकाण्ड भएको १२ वर्षपछि २०७६ को असोजमा आलम पक्राउ परेका थिए । लामो हिरासत बसाइबीच गत वर्षको १४ वैशाखमा रौतहट अदालतले दोषी ठहऱ्याउँदै जन्मकैदको फैसला सुनाएको हो ।

भनिन्छ, आफतावको योजनाअनुसार पहिलो संविधान सभाको निर्वाचनको पूर्वसन्ध्यामा मतदान केन्द्र कब्जा गर्ने उद्देश्यले बम बनाउने क्रममा विष्फोट भएको थियो । कम्तीमा दुईजनाको घट्नास्थलमै मृत्यु भएको थियो ।

घटनामा १३ जना घाइते भएको र उनीहरूलाई जिउँदै इँटाभट्टामा जलाएर मारेको अभियोग आलममाथि लागेको छ ।

तर, उच्चको फैसलाबाट आलम छुटेपछि पीडित परिवारमा त्रास फैलिएको थियो । सुरक्षा चुनौती बढेको भन्दै चिन्ता प्रकट गर्दै आएका छन् ।

आलम मधेशका शक्तिशाली कांग्रेस नेता हुन् । उनको बचाउमा यसअघि सभापति शेरबहादुर देउवा नै उत्रिएका थिए । देउवाले १ कात्तिक २०७६ मा कांग्रेसविरुद्धको षड्यन्त्रस्वरूप आलमको पक्राउ भएको बताएका थिए । उनी त्यसबेला आलोचित भए । तर, उनी आलमको बचाउमा उत्रिन छाडेनन् । १९ फागुन २०७७ मा रौतहट पुगेर आलम छुटाउन पहल गर्ने बताएका थिए । गत जेठ २३ गते जनकपुर पुगेका देउवाले आलम छुटेकोमा राम्रै भएको अभिव्यक्ति दिएका थिए ।

क्रमशः पृष्ठ २ मा







**आलम मधेशका शक्तिशाली कांग्रेस नेता हुन् । उनको बचाउमा कांग्रेस सभापति शेरबहादुर देउवा नै उत्रिएका छन् । देउवाले १ कात्तिक २०७६ मा कांग्रेसविरुद्धको षड्यन्त्रस्वरूप आलमको पक्राउ भएको बताएका थिए ।**

- न्यायाधीशद्वय खुसीराम थारू र अर्जुन महर्जन छानबिनमा
- छानबिन गर्न सर्वोच्चका न्यायाधीश विनोद शर्माको नेतृत्वमा समिति गठन
- समिति प्रतिवेदनको आधारमा न्यायपरिषद्ले बर्खास्तसम्मको कारबाही गर्ने प्रावधान

**सन्दर्भ: वैदेशिक रोजगार**

# कानुन कागजमै सीमित हुँदा श्रमिक निरन्तर शोषणमा : *आइएलओ*

■ ममता थापा

**काठमाडौं–** नेपालको आफूसँग भएको कानुनी व्यवस्थाअनुसार वैदेशिक रोजगारीलाई नियमन र व्यवस्थापन गर्न नसक्दा श्रमिकहरू दैनिक जोखिम र शोषणमा परिरहेको देखिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले हालै सार्वजनिक गरेको व्यापार र मानवअधिकारसम्बन्धी नेपालको 'पोलिसी ब्रिफ'मा यस्तो देखाएको हो ।

नीजि व्यवसायीको अस्वस्थ प्रतिस्पर्धा र यस क्षेत्रको पर्याप्त निगरानी नहुँदा स्वदेशबाट गन्तव्य मुलुक पुग्दासम्म श्रमिकको अधिकार हनन हुने र ठगिने प्रवृत्ति हावी भएको आइएलओको संक्षिप्त प्रतिवेदनमा उल्लेख छ । 'हजारौं कामदार अनौपचारिक माध्यमबाट भर्ना गरिन्छ र श्रम स्विकृति तथा कानुनी प्रक्रिया पूरा नगरी विदेश पठाइन्छ,' आइएलओको रिपोर्टमा भनिएको छ, 'ती कामदारहरू नेपालमै र गन्तव्य देशहरू दुवै ठाउँमा बढी जोखिम, दुर्व्यवहार र शोषणको जोखिममा पर्छन् ।'

हरेक पटक श्रमिक समस्यामा पर्नुको पछाडि आइएलओले विभिन्न कारणसमेत औंल्याएको छ । जसअनुसार वैदेशिक रोजगार ऐनमा आप्रवासी श्रमिकका विषयमा प्रावधानहरू समावेश गर्नुपर्ने आवश्यकता देखिएको छ । ऐनका कतिपय प्रावधानहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको नभएको पनि जनाएको छ । सीमित क्षमताका कारण वैदेशिक रोजगार विभागले श्रमिकलाई दिने सहायता र ऐनको कार्यान्वयन पर्याप्त नभएको प्रकाशनमा उल्लेख छ । साथै वैदेशिक रोजगार बोर्डसँग साधनस्रोत हुँदाहुँदै पनि यसको उपयोग गर्न नसकेको औंल्याइएको छ । 'पर्याप्त सरकारी संयन्त्रहरू हुँदाहुँदै पनि श्रमिकले पाउनुपर्ने अधिकार कार्यान्वयनका लागि नीति नथा कानुनी खाडलहरू देखिएका छन्,' रिपोर्टमा भनिएको छ ।

नेपालको संविधान र वैदेशिक रोजगार ऐनले लैङ्गिक विभेदलाई नमाने पनि महिलाहरूको वैदेशिक रोजगारीको यात्रामा उमेर, काम गर्ने क्षेत्र, गन्तव्य मुलुकलगायतका विषयमा विभेद गर्दा विदेशिने परिपाटी अनियमित हुनका साथै शोषणमा पर्ने खतरालाई बढाएको आइएलओले उल्लेख गरेको छ ।

क्रमशः पृष्ठ २ मा

**सरकार**
- अन्तरराष्ट्रियस्तरको कानुनको पालना
- निष्पक्ष भर्ती र कामदारको सुरक्षाको सुनिश्चितता
- सहयता सेवाहरु बढाउनु
- निरीक्षण र समन्वय बढाउनु
- रोजगारदाता मुलुकसँग सहकार्य

**निजी क्षेत्र**
- कानुनी भर्ती प्रक्रिया र रोजगार अभ्यास प्रणाली अपनाउनु
- जवफदेवी बन्नु
- सरोकारवालाहरूको छलफलमा रचनात्मक सहभागिता जनाउनु

**सरोकारवाला**
- वैदेशिक रोजगारमा गएकाहरूलाई सहयोग गर्नुस् र चेतना बढाउनुस्
- निष्पक्ष श्रम अभ्यासका पक्षमा वकालत गर्नुस् र अनुगमन गर्नुस्
- न्याय र कानुनी उपचारमा पहुँच बढाउनुस्

सरोकारवालाई आइएलओको सिफारिस

- हजारौं कामदार अनौपचारिक माध्यमबाट भर्ना गरिन्छ र श्रम स्विकृति तथा कानुनी प्रक्रिया पूरा नगरी विदेश पठाइन्छ
- ती कामदारहरु जाँदाजाँदै नेपालमै र गन्तव्य देशहरूमा बढी जोखिम, दुर्व्यवहार र शोषणको जोखिममा पर्छन्
- काठमाडौं केन्द्रित भर्ती प्रक्रियाका कारण देशभरका अरू ठाउँको निरीक्षणमा सरकारी संयन्त्रहरु पुग्न सक्दैनन्
- नेपाल सरकारले कानुनी भर्ती, अर्ध न्यायिक प्राधिकरण, बिचौलियालाई निषेधित गर्ने, नेपाली कूतनीतिज्ञबाटै मागपत्र प्रमाणीकरणको व्यवस्था जस्ता नीतिहरु ल्याएपनि यसको कार्यान्वयन प्रभावकारी नभएको


सम्पूर्ण एजेन्सी
तथा विज्ञापनदाताहरूमा
**हार्दिक अनुरोध !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ असार १५ गतेभित्र भुक्तानी** गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरूसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

## पृष्ठ १ बाट क्रमशः

## आलमलाई उन्मुक्ति...

नभन्दै कांग्रेससम्मिलत गठन सरकार भएकै बेला न्यायालयबाट विवादास्पद फैसला भयो, जुन फैसलाको आधारमा आलम सफाइ पाएर छुटे । यसप्रति न्यायिकवृत्तमबाट आलोचना भयो । अन्ततः बिहबिार छानबिन समिति गठन भएको हो । समितिले दिने सिफारिसका आधारमा न्यायपरिषद्‌ले उनीहरूलाई सचेत गराउनेदेखि बर्खास्तीसम्म निर्णय गर्नसक्छ । छानबिन समितिले प्रतिवेदन नदिँदासम्म उनीहरूलाई न्याय परिषद्‌मै हाजिर गराउने भएको छ ।

## कोही सत्तापक्षको ...

थापाले भने, 'जनताबाट उठेको राजस्वबाट बनेको बजेट जनताप्रति उत्तरदायी छैन । यो नेता र मन्त्रीमुखी भयो । म यो किताब सदनभित्रै च्यात्ने अनुमति लिएर च्यात्छु ।' थापाले बजेट किताब च्यात्दै गर्दा उनले पाएको एक मिनेट समय सकिसकेको थियो ।

यता स्वतन्त्र सांसद अमरेशकुमार सिंहको वक्ताव्यमा सत्तारुढ दल नेपाली कांग्रेसकी सचेतक सुशीला थिङले नियमापत्ति जनाइन् । कानून मन्त्री अजयकुमार चौरसियालेले न्याय प्रभावित पार्न न्यायाधीशलाई फोन गर्ने गरेको आरोप लगाएपछि थिङले आपत्ति जनाएको हो । 'सदस्यले बोलेको कुरा सभाको तत्काल विचाराधीन रहेको विषयसँग सम्बन्धित हुनुपर्नेछ भनिएको छ । तर कानून मन्त्रीको कानून मन्त्रीको कल डिटेलको कुरा समद्दता भएन । त्यो रेकर्डबाट हटाइयोस्,' उनले भनिन् । यद्यपि उनको मागमा सभामुखले कुनै सुनुवाई गरेनन् । सांसद सिंहले कानूनमन्त्री न्यायलाई प्रभावित पार्न न्यायाधीशलाई फोन गरेको आरोप प्रमाणित नभए आफू सांसद पद त्याग्न चुनौती दिँदै कल डिटेल सार्वजनिक गर्न माग गरेका थिए ।

उनले गृहमन्त्रीले विमानस्थलबाट मानव बेचबिखन ब्युरो किन हटाइयो ? जवाफ दिन नसकेको बताए । उनले विमानस्थलभित्रको अनुसन्धान गरेको, अनावश्यक कर्मचारी विमानस्थलमा थपेको, सचिवालयका कर्मचारीको सचिवालयको कर्मचारीको सरुवा, डीआईजीका सरुवालगायतको विषयमा उत्तर दिन नसकेको बताए ।

यता सत्तापक्षसँग सहमति गरी गृहमन्त्रीको राजीनामाबाट पछि हटेको दल माओवादी केन्द्रले भने अवरोधका बीच सदन चलाउनु दुःखद भएको बताए । बजेटमाथि छलफल गर्न रोस्ट्रममै पुगेका माओवादी सांसद जनार्दन शर्माले भने, 'सदनमा गम्भीर प्रश्न उठेको छ, अवरोध र विरोधको बीचमा त्यसको वेवास्ता गर्दै सदन चलाउनु दुखद हो । समस्याको समाधान गर्न किन सक्दैनौं? नेतृत्वको काम भनेकै समस्याको समाधान गर्नु हो । शर्मा खर्च कटौतिको प्रस्तावमा झन्डै आधा घण्टा बोलेका थिए ।

रास्वपा विरोधलाई निरन्तरता दिँदै बैठकभर चार घण्टा पलेटी कसेर विरोधमा बस्दा प्रतिनिधि सभाको सिट खाली देखिएको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टीले भने बजेटमाथिको छलफल चलाएसँग बहिस्कार गरी हिँडेका थिए ।

## कानुन कागजमै ...

दुई दशकयता नेपालले महिलामाथि यस्तो विभेद कायमै राखेको रिपोर्टमा भनिएका छ । नेपाल सरकारले कानुनी भर्ती, अर्ध न्यायिक प्राधिकरण, बिचौलियालाई निषेधित गर्ने, नेपाली कूतनीतिज्ञबाटै मागपत्र प्रमाणीकरणको व्यवस्था जस्ता नीतिहरू ल्याए पनि यसको कार्यान्वयन प्रभावकारी नभएको उक्त प्रकाशनमा भनिएको छ । नेपालले १२ वटा मुलुकसंग श्रम सम्झौता गरेपनि कतिपय सम्झौतामा श्रमिकको हित र अधिकारलाई पर्याप्त सम्बोधन गरेको देखिँदैन । श्रमिक भर्तिका क्रममा हुने दूर्व्यवहार, गन्तव्य मुलुकमा रोजगारदाताको जवाफदेहिता, श्रम आप्रवासनका सबै चरणमा श्रमिकको सुरक्षा र यसको कार्यान्वयनलाई श्रम सम्झौतामा पर्याप्त रूपमा सम्बोधन नगरिएको आइएलओले जनाएको छ ।

सरकारसँग रोजगारीका क्षेत्रमा भइरहेका गतिविधिलाई नियन्त्रण, अनुगमन र निरीक्षण गर्ने संयन्त्रको अभावले श्रम अधिकार विपरितका गतिविधि देखा परेको भनिएको छ । काठमाडौं केन्द्रित संयन्त्रका कारण पनि वैदेशिक रोजगारीको अभ्यासमा सबै क्षेत्रबाट समावेशी हिसाबबाट काम नभएको जनाइएको छ । 'काठमाडौं केन्द्रित भर्ती प्रक्रियाका कारण देशभरका अरु ठाउँको निरीक्षणलाई निषेध गर्छ । फलस्वरूप रोजगारदाताहरूमाथिको निरीक्षण प्रभावकारी हुन सक्दैन,' रिपोर्टमा भनिएको छ ।

अवैधानिक रूपमा रोजगारीमा गएका श्रमिकको सुरक्षालाई सरकारले मध्यनजर नगर्दा उनीहरू बढी जोखिममा पर्ने गरेको र त्यसबापत पाउनुपर्ने क्षतिपूर्तिबाट समेत वञ्चित हुँदै आएका छन् । यस्तो समस्यामा विशेषगरी महिला श्रमिक परेको प्रकाशनमा उल्लेख गरिएको छ ।

आइएलओले धेरैजसो म्यानपावर व्यवसायी गैरकानुनी भर्ती र दूर्व्यवहारमा संलग्न भएको समेत भनेको छ । म्यानपावरहरू मागपत्र ल्याउन बिचौलियामा निर्भर हुँदा श्रमिकहरू शोषण, हिंसा लगायतको शिकार भइरहेको पाइएको छ । गन्तव्य मुलुकमा श्रमिकको सम्झौता फेरबदल गर्ने, महत्वपूर्ण कागजातहरू जफत गर्ने, ज्याला चोरी गर्ने, श्रमिकको स्वतन्त्रतालाई कुण्ठित गर्ने जस्ता गतिविधि फेला परेको जनाइएको छ ।

### आइएलओको सुझाव

उल्लेखित समस्याको समाधन गरेर श्रम अधिकारको सुनिश्चितता गर्न आइएलओले नेपाल सरकार, व्यवसायी र सरोकारवालालाई विभिन्न सुझावसमेत दिएको छ । नेपाल सरकारले भएका ऐन कानुनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको बनाउनुपर्ने जनाइएको छ । त्यस्तै निष्पक्ष भर्ती, श्रमिकको सुरक्षामा केन्द्रित हुन, गन्तव्य मुलुकसँग समन्वय गर्न, रोजगारीमा जाने र फर्किनेलाई नेपाल र गन्तव्य मुलुकमा दिइने सहायतालाई मजबुत बनाउन, गन्तव्य मुलुक, व्यवसायी र ट्रेड युनियनबिच रचनात्मक छलफल गरेर समास्या पहिचान गर्नेजस्ता सुझाव दिएको छ ।

व्यवसायीलाई कानुनी भर्तीको कार्यान्वयन गर्न, जवाफदेही बन्न र सम्बन्धित निकायसँग छलफलमा सहभागी हुन आइएलओको सुझाव छ । त्यस्तै, सरोकारवालाले श्रमिकमा चेतना जगाउन, श्रम अभ्यासको अनुगमन गरी निष्पक्ष अभ्यासका पक्षमा आवाज उठाउन तथा श्रमिकलाई न्यायको पहुँचसम्म पुऱ्याउन भूमिका खेल्नुपर्ने जनाएको छ ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०३/०६**

यस कम्पनीको मिति २०८२/०२/०७ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **डंगोल रेमिट**को नाममा रहेको सम्पूर्ण चलअचल, श्रीसम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **साम्पाङ ट्रेड लिंक** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/२६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **साम्पाङ ट्रेड लिंक (प्रा.लि.नं. ६८७५९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०४/२२ मा दर्ता भएको **प्रा. लि. नं. २३९८५५/०७७/०७८** को **मेटकार्टस् सर्भिसेस प्रा. लि**. को मिति २०८२/०३/०५ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७९/१२/०९ मा दर्ता भएको श्री **रिभरसाईड जङ्गल रिट्रिट प्रा. लि. (प्रा. लि. नं. ३०९५८१)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## राससको तस्बिर प्रदर्शनी असार १६ गतेसम्म

**काठमाडौं–** राष्ट्रिय समाचार समिति (रासस)ले गणतन्त्र दिवस-२०८२ का अवसरमा आयोजना गरेको तस्बिर प्रदर्शनी यही असार १६ गतेसम्म जारी रहनेभएको छ । रासस सञ्चालक समितिको आजको बैठकले यही असार ७ गतेसम्म निर्धारित तस्बिर प्रदर्शनी आगन्तुक अवलोकनकर्ताको बढ्दो चाहना र रुचिअनुसार असार १६ गतेसम्म लम्ब्याउने निर्णय गरेको हो ।

रासका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले तस्बिर प्रदर्शनीप्रति आगन्तुक अवलोकनकर्ताको बढेको चाहना र रुचिअनुसार तस्बिर प्रदर्शनी लम्ब्याइएको जानकारी दिए । साथै झाले ग्राहकको मागलाई दृष्टिगत गरी राससले आफ्ना उत्पादनमा विविधता थपिरहेको सन्दर्भमा प्रदर्शनीले राससका समाचार र तस्बिरलाई अझ समृद्ध बनाउन सहयोग पुगेको विश्वास व्यक्त गरे ।

राससले गत वर्ष भौतिक पूर्वाधार निर्माण र त्यसअघि मुलुकको सांस्कृतिक विविधतासम्बन्धी प्रदर्शनी गरेको थियो । भद्रकाली प्लाजास्थित रासस केन्द्रीय कार्यालयमा आयोजना गरिएको 'पर्वतीय पर्यटन : हाम्रो शान हाम्रो पहिचान' विषयक प्रदर्शनीमा हिन्दूकुश हिमशृङ्खलका हिमाल, हिमाली र पहाडी जनजीवन तथा देशका प्रमुख पर्यटकीयस्थलका ९६ वटा तस्बिर समेटिएका छन् ।

जलवायु परिवर्तनका कारण नेपालजस्ता पर्वतीय मुलुकले व्यहोर्नुपरेका समस्याप्रति अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने उद्देश्यले नेपाल सरकारद्वारा हालै सम्पन्न 'सगरमाथा संवाद' कार्यक्रमलाई जोडेर रासस समाचारदाता र फोटो पत्रकारले विभिन्न कालखण्डमा खिचेका हिमाल, पर्वत तथा पर्यटकीयस्थलसम्बन्धी तस्बिर प्रदर्शनीमा समावेश छन् । *रासस*


## कुवेतमा रोजगार

कम्पनी : REFLEX WOMEN HEALTH INS. COM

पूर्व स्वीकृति मिति : २०८२/03/05 | LT. No. 325409 | चलानी नं. ६०२३९७८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guards/Swimming Pool | 0 | 5 | 150 | ६७६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners Indoor | 0 | 7 | 120 | ५४,११५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १३ गते (27th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gov.Lic.No.: 1101/073/074
KINETIC H.R.SOLUTION PVT.LTD. (Access Partners Nepal Pvt. Ltd.)
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

## कतारमा रोजगार

कम्पनी : BLEUE LLC

पूर्व स्वीकृति मिति : २०८२/03/05 | LT. No. 325841 | चलानी नं. ६०२३९८२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५६,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Floweriest /Flower Maker | 1 | 0 | 1300 | ४९,३५० | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३७,९६० | | | | | | | |
| 4 | Sales Superviser | 1 | 0 | 2500 | ९४,९०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

## युएइमा रोजगार

कम्पनी : SAMI MOOSA TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/04 | LT. No. 325854 | चलानी नं. ६०२३९८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 30 | 0 | 1200 | ४५,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9851254109/9705000446/9705000447
9851196857/9705000449/9851095260 E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

## साउदीमा रोजगार

कम्पनी : Abdul Mohsen Al-Jasser Contracting Company, a closed joint stock company

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/05 | LT. No. 314784 | चलानी नं.६०२२९१७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Abdul Aziz Safar Hussein Al Arar Trading Establishment

पूर्व स्वीकृति मिति : २०८२/03/03 | LT. No. 325721 | चलानी नं.६०२३९७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1500 | ५५,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Hayat Al-Nojoom Restaurant for Catering

पूर्व स्वीकृति मिति : २०८२/03/04 | LT. No. 325829 | चलानी नं.६०२३९७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 4 | 0 | 1200 | ४४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Green Star Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम ईजाजत नं. २५७/०५८/०५९

## कतार/युएइमा रोजगार

कम्पनी : AZHAR AL SHOMAL CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८१/०५/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/05 | LT. No. 310502 | चलानी नं. ६०२२५०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN. CLEN. WORKER | 1 | 1 | 1400 | ५३,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EMARAT ALOULA CONTRACTING ONE PERSON COMPANY L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/05 | LT. No. 313629 | चलानी नं. ६०२२८०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaners | 0 | 10 | 850 | ३१,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaners (Janitorial) | 57 | 0 | 800 | ३०,१०५ | | | | | | | |
| 3 | Pest Control Technicians | 2 | 0 | 1200 | ४५,१५५ | | | | | | | |
| 4 | Tea Boy | 23 | 0 | 850 | ३१,९८५ | | | | | | | |
| 5 | Team Leaders | 4 | 0 | 1400 | ५२,८६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

LIC 537/061/62
ABC PLACEMENTS PVT. LTD
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शुक्रबार, ०६ असार, २०८२

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कर्कट** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **सिंह** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कन्या** | रोकिएका काम सम्पादन हुनेछ । |
| **तुला** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मकर** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ असार , २०८२ (२० जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.०७ | १३८.६७ |
| युरो | १ को | १५८.७३ | १५९.४२ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.६० | १८६.४१ |
| स्विस फ्रैन्क | १ को | १६८.७८ | १६९.५१ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६५ | ९०.०४ |
| क्यानाडियन डलर | १ को | १०१.०४ | १०१.४८ |
| सिङ्गापुर डलर | १ को | १०७.४१ | १०७.८८ |
| जापानी येन | १० को | ९.५३ | ९.५७ |
| चिनियाँ युआन | १ को | १९.२१ | १९.२९ |
| साउदी अरब रियाल | १ को | ३६.८० | ३६.९६ |
| कतारी रियाल | १ को | ३७.८८ | ३८.०४ |
| थाई भाट | ख १ को | ४.२३ | ४.२५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६० | ३७.७६ |
| मलेसियन रिङेट | १ को | ३२.४८ | ३२.६२ |
| दक्षिण कोरियन वन | १०० को | १०.०४ | १०.०८ |
| स्विडिस क्रोनर | १ को | १४.४१ | १४.४७ |
| डेनिस क्रोनर | १ को | २१.२८ | २१.३७ |
| हङकङ डलर | १ को | १७.५९ | १७.६७ |
| कुवेती दिनार | १ को | ४५०.७५ | ४५२.७१ |
| बहराइन दिनार | १ को | ३६६.११ | ३६७.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# पर्वतमा नहर बनाएर बाढी नियन्त्रण

**पर्वत (प्रस)–** जिल्लाको जलजला गाउँपालिका-७ धाइरिङस्थित गुन्टेखेत र सल्यानको बस्ती संरक्षणका लागि नहर निर्माण गरेर बाढी नियन्त्रण गरिएको छ । बस्तीभन्दा माथिबाट आउने बाढी र पहिरोका कारण बर्सेनि जोखिम बढ्दै गएपछि क्षति रोकथामका लागि नहर निर्माण गरिएको हो ।



गाउँभन्दा माथि रहेको नाथिमारेको डाँडाबाट खस्ने बूढीकुलोसहितको बाढीले सल्यानको बस्तीलाई जोखिममा पारेपछि बाढी नियन्त्रणका लागि वैकल्पिक नहर निर्माण गरिएको स्थानीय रुद्रलाल उपाध्यायले बताए । बाढीपहिरोको जोखिमका कारण वर्षायाममा त्रासमा बस्नुपर्ने बाध्यता अन्त्य भएको स्थानीय दुर्गा पौडेलले बताए ।

ठोट्नेरी, धारापानी, गुन्टेखेत हुँदै बग्ने बूढीकुलोका कारण सल्यान गाउँ बाढीपहिरोको जोखिममा परेपछि गाउँपालिकाले चालु आर्थिक वर्षमा बस्ती संरक्षण योजना सञ्चालन गरेको थियो । पालिकाले विनियोजन गरेको ३५ लाख २० हजार रूपैयाँ लगातमा बाढी नियन्त्रण गर्न ३५० मिटर लामो नहर निर्माण गरिएको जलजला गाउँपालिकाका इञ्जिनियर सुनिल बानियाँले जानकारी दिए। गत माघ ७ गते जेठ मसान्तभित्र निर्माण सम्पन्न गर्न उपभोक्ता समितिसँग योजनाको सम्झौता गरिएको थियो । बूढीकुलो बाढी नियन्त्रण योजनाअन्तर्गत गुन्टेखेतमा कुलो निर्माण गरिएको उल्लेख गर्दै तोकिएको मितिमा निर्माणको सम्पन्न भएको उनले जानकारी दिए।

गुन्टेखेत गाउँभन्दा माथिबाट पक्की नहर निर्माण गरेर बाढीलाई लुङ्दी खोलामा खसाल्नेगरी निर्माण गरिएको बूढीकुलो बाढी नियन्त्रण उपभोक्ता समितिका अध्यक्ष गंगाधर आचार्यले बताए। बूढीकुलोमा पानीसँगै आएको बाढीले सल्यानको बस्तीलाई उच्च जोखिममा पारेपछि बस्ती संरक्षणका लागि वैकल्पिक नहर बनाएर पानीसहितको बाढी लुङ्दी खोलामा जाने व्यवस्था मिलाइएको उनले बताए ।

गत वर्ष बूढीकुलोमा आएको बाढीका कारण नाथिमारेबाट खसेको पहिरोले सल्यानको भिरकुना र गगनपानीमा घर तथा खेतीयोग्य जमिनमा क्षति पुऱ्याएको थियो । बाढी खसेर स्थानीय रुद्रलाल उपाध्याय, गिरिधारी पौडेल, महानन्द पौडेल, माधवप्रसाद पाध्या, नारायणप्रसाद पाध्या, खेमराज पौडेल, दुर्गा पौडेललगायत स्थानीयको एक सय मुरी धान फल्ने खेत पुरिएको थियो भने पहिरो खसेर गगनपानीका चार घर उच्च जोखिमा परेका थिए ।

निर्माणाधीन मिलनचोक-सल्यान-गुन्टेखेत-घायखेत-धारापानी-ठोटनेरी सडक आयोजनाका कारण गाउँभरीको पानी बूढीकुलोमा जम्मा भएर सल्यानमाथिको डाँडाबाट बस्तीतिर खस्दा गाउँ जोखिममा परेपछि गुन्टेखेतबाट वैकल्पिक नहर निर्माण गरी लुङ्दी खोलामा पानी फाल्ने व्यवस्था गरिएको जलजला-७ का वडाध्यक्ष टुंगनाथ आचार्यले बताए । बाढी नियन्त्रण गर्न कुलो निर्माण गरेसँगै जोखिम कम हुने उनले विश्वास व्यक्त गरे ।

# तनहुँका विपन्नले पाए आवास

**तनहुँ (प्रस)–** जिल्लाको म्याग्दे गाउँपालिकाले ४८ जना विपन्न परिवारलाई आवास निर्माण गरी हस्तान्तरण गरेको छ । आर्थिक अवस्था कमजोर भएका वर्गलाई नमूना आवास कार्यक्रमअन्तर्गत निर्माण गरिएको आवास संयुक्तरूपमा प्रदान गरिएको हो ।

१० वर्षसम्म बेच्न, भाडामा लगाउन र धितो राख्न नपाउने प्रावधानसहित घर हस्तान्तरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए । 'विपन्न नागरिक घरविहीन नहुन् भनेर सम्बन्धित वडाको सिफारिसका आधारमा घर निर्माण गरी संयुक्तरूपमा प्रमाणपत्र प्रदान गरिसकिएको छ,' उनले भने ।

आर्थिक वर्ष २०८०/८१ मा २५ घरका लागि आठ लाख रूपैयाँ र आव २०८१/८२ मा २३ घरलाई १० लाख रूपैयाँ लागतमा बोलपत्रमार्फत प्रक्रिया गरी आवास निर्माण गरिएको हो । संघको समपूरक कोषको ३८ प्रतिशत र गाउँपालिकाको ६२ प्रतिशत लागतमा आवास निर्माण गरिएको गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले बताए । उनका अनुसार आवास सुविधा लिनका लागि परिवार सदस्यमा कोही स्थायी रोजगार तथा दिगो लगानी तथा आयस्रोत नभएका, दोहोरो सुविधा तथा अनुदान नलिएकालगायत प्रमाण पेस गर्नुपर्ने प्रावधान छ ।

अपांगता भएका व्यक्ति, असहाय, सीमान्तकृत, अल्पसंख्यक तथा दलित जातिमा सूचीकृत भएकालाई प्राथमिकता दिइएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताए । 'हामी जनप्रतिनिधिमा निर्वाचित भएपछि पाँच वर्षभित्रमा कम्तीमा ६० घर बनाउछौं भन्ने प्रतिबद्धता जनाएबमोजिम अहिलेसम्म ४६ वटा सम्पन्न गरी हस्तान्तरण गरेका छौं,' उनले भने ।

गाउँपालिकाका इञ्जिनियर शिव ज्ञवालीले ४८ जना विपन्न परिवारका लागि दुई कोठे पक्की भवन निर्माण गरिएको बताए ।

# लागुऔषध दुरुपयोग तथा ओसापसारविरुद्ध सचेतना कार्यक्रम

**हुम्ला (प्रस)–** हुम्लामा लागुऔषध दुरूपयोग तथा अवैध ओसारपसारविरुद्धको अन्तर ाष्ट्रिय दिवस सप्ताहव्यापी मनाइने भएको छ । बुधबार सरोकार भएका पक्षहरूको बैठकले दिवसलाई एक हप्तासम्म विभिन्न कार्यक्रम गरी मनाउने निर्णय गरेको हो ।

यो दिवस असार ६ गतेदेखि १२ गतेसम्म मनाइँदै छ। जिल्ला प्रशासन कार्यालयमा सरोकार भएका पक्षबीच बसेको बैठकले असार ६ गते बिहान ७ बजे जिल्ला प्रहरी कार्यालयमा लागुऔषध नियन्त्रणसम्बन्धी अन्तरक्रिया छलफल कार्यक्रम गर्ने जनाइएको छ। बैठकमा जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा सरोकार भएका निकायका प्रतिनिधिको उपस्थिति थियो।

सोही दिन जिल्ला प्रहरी कार्यालयले स्थानीय तहसँग समन्वय गरी विभिन्न विद्यालयमा लागुऔषध दुरूपयोगविरुद्ध जनचेतनामूलक कक्षा सञ्चालन, सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत वडा, टोल तहसम्म लागुऔषध दुरूपयोगका कारण, लक्षण र अभिभावकको दायित्वसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले जानकारी दिए।

जिल्ला ट्राफिक प्रहरीले सीमानाका तथा यातायातका साधनमा सप्ताहव्यापी रूपमा लागुऔषध ओसारपसार नियन्त्रण गर्न कडाइका साथ चकेजाँच गर्ने, सीमानाका लागुऔषध ओसारपसार हुने सम्भावित क्षेत्र भएकाले ती क्षेत्रलाई लक्षित गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, स्थानीय तहको नीति तथा कार्यक्रम र बजेटमा लागुऔषध दुरूपयोगविरुद्धको अभियानलाई मूलप्रवाहीकरण गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने, यो दिवस भव्य रूपमा स्थानीय तहस्तरमा मनाउन सबै सरोकार भएकालाई अनुरोध गर्ने र दिवसको अन्तिम दिन बिहान ११ बजे एयरपोर्ट चोकबाट ऱ्याली निकालेर जिल्ला समन्वय समितिमा उपस्थित भई कार्यक्रमको समीक्षासहित समापन गर्ने तालिका रहेको प्रजिअ पाण्डेयले बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६२/०८/०६ मा दर्ता भएको श्री **जय बागेश्वरी एक्सपोर्ट इम्पोर्ट प्रा. लि. (प्रा. लि. नं. ३६८७८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६६/१२/१६ मा दर्ता भएको श्री **अरनिको बिजनेश प्रा. लि. (प्रा. लि. नं. ७१७७४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६४/०६/२० मा दर्ता भएको श्री **सूर्यमुखी एक्सपोर्ट इम्पोर्ट प्रा. लि. (प्रा. लि. नं. ४८६६९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७६/०५/३० मा दर्ता भएको **दर्ता नं. ७३६** को **बुद्ध तारा केन्द्र**को मिति २०८२/०२/२७ को विशेष बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/०६**

**एभरेष्ट इङ्गलिस एकेडेमी**को मिति २०८२/०२/०१ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एभरेष्ट सेकेण्डरी स्कुल काठमाण्डौ (दर्ता नं.: १९६५३)** कायम गर्ने गरी मिति २०८२/०२/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह**
**गोदावरी न.पा. ०२, ललितपुर**
**गोलिया काठको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/३/६ गते

यस सामुदायिक वन क्षेत्रमा रहेका रूखहरु कटान मुछान गरी उत्पादन भएको खोटेसल्ला र गोब्रेसल्ला प्रजातिका २२०२.७६ क्य.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजे भित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय ललितपुरको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

**युएइ/साउदीमा रोजगार** कम्पनी : BOOMIKA SURUTHY BUILDING WORKS L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/04 | LT. No. 325505 | चलानी नं. ६०२३९७८६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 3 | 0 | 1200 | ४५,१५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixtures | 6 | 0 | 1200 | ४५,१५६ | | | | | | | |
| 3 | STONE MASON | 4 | 0 | 1200 | ४५,१५६ | | | | | | | |

कम्पनी : Asalat Al-Ikhtiyar General Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/05 | LT. No. 320764 | चलानी नं.६०२२७११५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 1 | 0 | 1000 | ३६,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**जापानमा रोजगार** कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/03/04 | LT. No. 325853 | चलानी नं. ६०२३९८१८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Industrial packaging | 10 | 0 | 201515 | १९१,६४५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) प्रशिक्षार्थी नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।

| प्रि-मेडिकल | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD. श्रम इजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**ओमनमा रोजगार** कम्पनी : BOLD POINT CONSTRUCTION

पूर्व स्वीकृति मिति : २०८२/03/04 | LT. No. 325822 | चलानी नं. ६०२३९७८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / PUBLIC BUILDING | 10 | 0 | 120 | ४३,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th June 2025) मा हुनेछ ।

| प्रि-मेडिकल | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Hit Overseas Employment Pvt.Ltd. श्रम इजाजत नं. १३७/०५५/०५६
Basundhara, Kathmandu, Nepal, Tel: +977- 01-4359147, 4357454, 98510 56401,
E-mail : bhubanpun@gmail.com

**MAURITIUS/UAE मा रोजगार** कम्पनी : MAMMOUTH TRADING CO. LTD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/05 | LT. No. 324799 | चलानी नं. ६०२३८७३६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 50 | 0 | 17405 | ५२,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LUBAN PRECAST BUILDING MANUFACTURING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/04 | LT. No. 325879 | चलानी नं. ६०२३९७९३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cement Mixer Opertor | 15 | 0 | 1500 | ५६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | COMPRESSER OPERATOR | 15 | 0 | 1500 | ५६,३०० | | | | | | | |
| 3 | Concrete Masons | 70 | 0 | 1200 | ४५,०४० | | | | | | | |
| 4 | Concrete Mixer Operator | 50 | 0 | 1500 | ५६,३०० | | | | | | | |
| 5 | Concrete Pump Operator | 50 | 0 | 1500 | ५६,३०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २४ गते (7th June 2025) मा हुनेछ ।

| प्रि-मेडिकल | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 324799/325879 मिति: २०८२/०३/०५ मा प्रकाशित हुनुपर्नेमा प्राविधिक कारणले भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, 9861477936, 9851405368, 9801814417, 9704141922
Tel: +977-1-4960523,4957731, Email : globalreliance03@gmail.com

**कतारमा रोजगार** कम्पनी : UNICERAMIC QATAR W L L

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/१३ | LT. No. 312866 | चलानी नं. ६०२२७३३८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CERAMIC WORKER | 2 | 0 | 1000 | ३७,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।

| प्रि-मेडिकल | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

**साउदीमा रोजगार** कम्पनी : Drma Company Limited is a One Person Company

पूर्व स्वीकृति मिति : २०८२/03/05 | LT. No. 325727 | चलानी नं. ६०२३९८५३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 13 | 0 | 1000 | ३६,८२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th June 2025) मा हुनेछ ।

| प्रि-मेडिकल | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050, Pokhara Branch: 9846325187
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**साउदीमा रोजगार** कम्पनी : PETRON SAUDI INDUSTRIAL COMPANY LLC

पूर्व स्वीकृति मिति : २०८२/03/05 | LT. No. 325884 | चलानी नं. ६०२३९८३७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 1 | 0 | 1000 | ३६,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।

| प्रि-मेडिकल | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd. Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

**ओमन/युएइमा रोजगार** कम्पनी : SERENE LLC — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/03/04 | LT. No. 325820 | चलानी नं. ६०२३९७९०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic Coffee Maker | 3 | 0 | 150 | ५३,९१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABUALNAGA RECRUITMENT L.L.C — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/03/05 | LT. No. 325934 | चलानी नं. ६०२३९८४८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 800 | ३०,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th June 2025) मा हुनेछ ।

| प्रि-मेडिकल | मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिषा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | अभिमुखिकरण शुल्क | भिषा स्टाम्पिङ |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.) श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८२ साल असार महिना ६ गते शुक्रबार)

यस विकास बैंकको केन्द्रीय कार्यालयबाट पूर्व कर्मचारी तपशिलमा उल्लेखित ऋणीले यस विकास बैंकमा कार्यरत रहँदाका अवस्थामा कर्मचारी सेवा सुविधा अन्तर्गत उपभोग गरेको कर्मचारी अधिविकर्ष कर्जा शिर्षकको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ र ३ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन २०५८ र सो को नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
|---|
| कुलानन्द गौडेलको नाति चन्द्रकान्त गौडेलको छोरा स्याङ्जा जिल्ला श्री कृष्ण गण्डकी वडा नं. २ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १० बस्ने **कृष्ण प्रसाद गौडेल** (ना.प्र.नं. : ४२३०२६/११४० जारी मिति र जिल्ला : २०६३/११/०२, स्याङ्जा) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| चिन्तामणि ढकालको छोरी चन्द्रकान्त गौडेलको बुहारी कृष्ण प्रसाद गौडेलको पत्नी रुपन्देही जिल्ला बुटवल वडा नं. १५ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने **अनिता ढकाल** (ना.प्र.नं. : ३७-०२-७२-०७४०६ जारी मिति र जिल्ला : २०७२/११/०४, रुपन्देही) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कानुन कार्यान्वयनमा जोड दिऊ

नेपाली युवा रोजगारी खोज्दै विदेश पुग्नुपर्ने बाध्यता दिनदिनै बढ्दो छ । देशमा चुलिँदो आर्थिक संकट, नीतिगत सुधारमा लगातार कमजोरी, राजनीतिक उलटफेरका कारण स्थायित्व हुन सकेको छैन । जसकारण पनि नेपालीहरू युद्धग्रस्त क्षेत्र इजरायल, युक्रेनजस्ता देशमा पनि रोजगारी खोज्दै पुगेका छन् ।

यी ठाउँमा जान कामदारले अनेकन हण्डर खानुपर्छ । उनीहरू आफ्नै दैलोबाटै ठगिँदै जोखिममा पर्दै गएका हुन्छन् । शारीरिक, मानासिक र आर्थिक शोषणको जोखिम उत्तिकै छ । यस्ता विषयमा उजुरी परेमा वा प्रमाण भेटिएमा कडाभन्दा कडा कारबाही हुने नियम छ । सरकारले यसका लागि विभिन्न संयन्त्र पनि बनाएको छ । तर ती संयन्त्रहरू निदाएर बस्दा नेपालीहरू दैनिक ठगिने गरेका छन् ।

यसको पछिल्लो उदाहरण भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकसम्मको नाम जोडिनु हो । अध्ययगमन प्रमुख नै यसखालको ठगीमा संलग्न भएको प्रमाण भेटिए पनि सरकारले कारबाही अगाडि बढाउँदैन । स्वदेशमै यसरी सरकारी कर्मचारी, बिचौलियाको ठगीमा परेकाहरू रोजगारदाता मुलुकमा पुगेर पनि ठगिन्छन् । उनीहरू विशेषगरी पहिले त नेपालीबाटै ठगिन्छन् । त्यसपछि कानुनी ज्ञान र भाषिक ज्ञानको अभावमा रोजगारदाताबाट ।

रेमिटचान्सले अर्थतन्त्र धानेपनि कमाएर पठाउनेहरूको दुःख निरीक्षणमा सरकारको समन्वयकारी भूमिका फितलो छ । कतिपय वैदेशिक रोजगारको यात्रामा गएकाहरूले समयमा तलब पाएका हुँदैनन् । न्युनतम श्रमअधिकार पनि पाएका हुँदैनन् । यस्तो अवस्थामा सरकारले भर्तीदेखि फर्किने बेलासम्मै सुरक्षाको सुनिश्चितता दिनुपर्ने हो । तर अधिकारको विषयमा सरकारको काम निकै कमजोर देखिएको छ । श्रमिकहरूको क्षेत्रमा काम गर्दै आइरहेको अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले हालै संक्षिप्त नीति सार्वजनिक गर्दै नेपाल सरकारको कमजोरी औंल्याएको छ ।

पर्याप्त संयन्त्र र कानुनी व्यवस्था हुँदा पनि ती कार्यान्वयन नहुँदा यो क्षेत्रमा नेपाल कमजोर बन्दै गएको आइएलओको ठहर छ । त्यतिमात्र हैन श्रम क्षेत्रमा महिला र पुरुषबीच विभेद जारी छ । कतिपय मुलुकमा महिलालाई रोजगारीका लागि जान बन्देज गरिएको छ । जसकारण रोजगारदाता र निजी क्षेत्रले अवैधमार्ग प्रयोग गरी महिलालाई गन्तव्य मुलुकमा पुऱ्याउँछन् । यसले गर्दा श्रमिक झन् जोखिममा पर्छन् । यसैले पनि विभेदरहित कानुन निर्माण गरी यसको भरपर्दो कार्यान्वयमा जोड दिनु आजको आवश्यकता हो ।

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# आर्थिक तथा सामाजिक विकासको आधुनिक अवधारणा



■ गम्भीरबहादुर हाडा

आर्थिक विकासको मापन गर्ने महत्वपूर्ण विकास अर्थशास्त्री मोरिस पि मोरिस ले गरेका हुन् । अर्थशास्त्री हागन/डी मोरिसका २३ वटा विकासोन्मुख तथा विकसित मुलुकहरूको तुलनात्मक अध्ययनबाट के कुरा निकालेका छन् भने भौतिक गुणस्तर या जीवन सूचक बनाउनका लागि सिर्फ तीन कुराहरू भए पुग्छ । ती तीन कुराहरूमा मानवीय सरदर आयु, शिशु मृत्युदर र साक्षरता दर नै पर्दछन् । आर्थिक विकासलाई कसरी वास्तविकरूपमा मापन गर्न सकिन्छ, कस्तो तरिका उपयुक्त हुन्छ भनी नयाँ-नयाँ तरिकाको अध्ययन अनुसन्धान गर्ने सवालमा यो सूचकको प्रादुर्भाव भएको हो । यस परिसूचकले राष्ट्रिय आम्दानीको वितरण कसरी भइराखेको छ, शिक्षा, स्वास्थ्य, पोषण आदिमा राष्ट्रिय आम्दानीको प्रयोग भएको छ वा छैन त्यो हेरेर त्यसैका आधारमा आर्थिक विकासको मापन गर्दछ ।

विकासको ऐतिहासिक फेहरिस्तलाई विश्लेषण गर्दा प्रगतिको भावना धार्मिक तथा आधुनिक विचारहरूको बीचबाट अथवा विरोधाभासबाट उदय भएको देखिन्छ । त्यस्तै दुई विचारहरू 'स्वर्ण युग पहिल्यै थियो' र स्वर्ण युगपछि आउँछ' भन्ने विवादबाट अथवा सामन्त र शोषित, श्रमिक र व्यापारीहरूको द्वन्द्व हुँदा यही स्थिति कायम रहनुपर्दछ र यसमा सुधार हुनुपर्दछ भन्ने विचारहरूको द्वन्द्वबाट प्रगतिको भावना उब्जिएको हो भन्न सकिन्छ । १६औं र १७औं शताब्दीमा एक्कासि एउटा ठूलो परिवर्तन भयो जसलाई जागरण पनि भनिन्छ । यसबाट मानिसले कुनै पनि घटनामा कारणको खोजी गर्न थाले । १८औं शताब्दीतिर सामन्तवादबाट सुरु भएको पुँजीवादी अर्थव्यवस्थाका विभिन्न स्वरूप वा प्रकारहरू विकसित भए । मुख्य रूपमा अहिले पुँजीवादी अर्थव्यवस्थाको नमूनाका रूपमा अमेरिकी अर्थव्यवस्था र बेलायती अर्थव्यवस्था रहेका छन् भने जापान, फ्रान्सको अर्थव्यवस्था पनि यस क्रममा उदाहरणीय रहेका छन् ।

सन् १७७९ मा आडम स्मिथले 'एन इन्क्वाइरी इनटु द नेचर एण्ड कज अफ वेल्थ या नेसन' भन्ने सुप्रसिद्ध आर्थिक ग्रन्थ निकालेपछि आर्थिक जगतमा हलचल पैदा भयो । स्मिथको विचारलाई समर्थन गर्दै युरोपलगायत अन्य मुलुकहरूका अर्थशास्त्रीहरूले पनि विभिन्न लेख रचना र पुस्तकहरू प्रकाशन गर्न थाले । सन् १८१५ देखि सञ्चालन हुँदै आएको 'लाइजेज फेयर क्यापिटलिज्म' प्रथम विश्वयुद्धको सुरुआतसँगै (सन् १९१४) समाप्त हुन्छ । प्रथम विश्वयुद्धपछि पुँजीवादको विशेषतामा परिवर्तन देखापरे । सन् १९२९ को मन्दी वा त्यसभन्दा अगाडि अमेरिकाको आर्थिक व्यवस्था त्यत्ति सक्षम र सवल देखिँदैन । रुजवेल्टले 'न्यु डिल प्रोग्राम' लागू गरी पुँजीवादी अर्थव्यवस्थालाई प्रभावकारी ढंगले अगाडि बढाए । सन् १९१४ सम्म बेलायतको अर्थव्यवस्था माग र पूर्तिको प्राकृतिक नियममा चलेको थियो । वैदेशिक व्यापार, औद्योगिक र कृषि क्षेत्रमा पूर्णस्वतन्त्रता दिएको थियो । सन् १९१८ तिर बेलायतको अर्थतन्त्रमा विभिन्न प्रभाव पर्न थालेकोले सरकारले नियोजित अर्थतन्त्र अपनाउनुपऱ्यो । सन् १९३६ मा जेएम किन्स ले लाइजेज फेयर क्यापिटलिज्ममाथि कठोर आक्रमण गर्दै 'द जनरल थ्योरी' नामक पुस्तिका प्रकाशन गरेपछि नयाँ पुँजीवादी व्यवस्था झन् लोकप्रिय बन्न पुग्यो ।

सन् १९७० को दशकमा गरिबी बढ्न गएको र आर्थिक स्तरबीच असमानता देखिएकाले मानवीय जीवन कष्टप्रद बन्नुका साथै आधारभूत आवश्यकताको परिपूर्तिबाटसमेत मानव समाज वञ्चित भएकाले आयको समान वितरणतर्फ ध्यान दिँदै सर्वप्रथम आधारभूत आवश्यकता परिपूर्ति गर्नुपर्ने मान्यताको विकास गरियो । सन् १९८० को दशकमा विकास भएको विकासप्रतिको स्वावलम्बी विकासको मान्यताले स्थानीय निकायको परिचालनमा जोड दिइयो । स्थानीय जनतामा निरन्तर अन्तरक्रिया, अनुभव र सीपको आदानप्रदान दक्षता र प्रभावकारिताको अभिवृद्धिमा जोड दिँदै भिन्न स्वावलम्वी संघसंस्था र लक्षित समूहहरूसँग सहअस्तित्व र समन्वयका आधारमा विभिन्न क्रियाकलापको थालनी गर्नेतर्फ जोड दिइयो । आर्थिक र मानवीय स्रोतका धनी देशहरूमा पनि वास्तविक विकास देख्न नसकिएको अवस्थालाई मूल्यांकन गरी सन् १९८० को दशकमा सामाजिक विकासको मान्यता अगाडि सारियो । सामाजिक विकासको सम्बन्धमा कर्टनले समाजका सदस्यहरूको व्यक्तिगत र संस्थागत क्षमतालाई बढाउने सन्दर्भलाई अगाडि सारेका छन् । विकासप्रतिको सामाजिक पक्षको महत्त्वलाई जोड दिँदै समग्र पक्षको विकासमा जोड दिए ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)ले सन् १९९० मा मानवीय आयु, प्रौढ शिक्षा र प्रतिव्यक्ति आम्दानीलाई मुख्य आधार बनाएर अनुसन्धान गरी विश्वस्तरीय प्रतिवेदन प्रकाशित गऱ्यो । जुन प्रतिवेदन हरेक वर्षमा हालसम्म पनि प्रकाशित गर्दै आइरहेको छ । सन् १९९० मा मानवीय विकासको त्यस्तो मान्यतालाई जोड दिइयो जसअनुसार आर्थिक क्षेत्रका साथै सामाजिक क्षेत्रलाई पनि विकासको साध्य र साधन दुवै मान्नुपर्दछ । अतः विकास भन्नु मानव हितसँग सम्बन्धित विषयको परिवर्तन हो । एउटा सकारात्मक परिवर्तन जुन परिवर्तनले मानव समुदायको हितको संरक्षण र प्रवर्द्धन गर्दछ । त्यसैगरी यसलाई राजनीतिक, आर्थिक र सामाजिक सबै क्षेत्रको सर्वांगीण समुन्नति पनि मानिन्छ ।

आधुनिक धारणाको पक्षधर अर्थशास्त्रीहरूले राष्ट्रको उत्पादन, राष्ट्रिय आय, प्रतिव्यक्ति आम्दानी, आदिको साथसाथै आधारभूत आवश्यकता, जीवनको भौतिक गुण सूचक, मानव विकास सूचक आदिजस्ता गैरआम्दानी परिसूचकलाई समेत आर्थिक विकासको मापदण्डको रूपमा लिएको पाइन्छ । आर्थिक विकासको मापदण्डलाई वर्तमान समयमा सूक्ष्म अर्थशास्त्र र बृहत् अर्थशास्त्र गरी दुई पक्षबाट हेर्न सकिन्छ । अर्थव्यवस्थामा शिक्षा र प्रशिक्षणको सुविधामा वृद्धि हुनु, लगानीको मात्रामा वृद्धि हुन्, मानिसहरूको उत्पादन क्षमतामा वृद्धि हुने तथा समाजमा विद्यमान मूल्य, मान्यता, रहन सहनको स्तरमा क्रमिक सुधार आउनुलाई पनि आर्थिक विकासको मापदण्ड मानिएको छ । केही अर्थशास्त्रीहरूले शिक्षा, स्वास्थ्य, खाद्यान्न, पोषण, सीप, साक्षरता, रोजगारीको अवस्था, आधारभूत आवश्यकताको उपभोग, यातायातको सुविधा, वासस्थान, मनोरञ्जन, सामाजिक सुरक्षाजस्ता विषयहरूलाई आर्थिक विकासको सूचकको रूपमा लिएका छन् ।

सामाजिक परिवर्तन तथा सामाजिक विकासः

अल्पविकसित देशहरूमा अवैज्ञानिक प्राचीन रुढीवादी विचारधाराको प्रभाव रहन्छ । यसले गर्दा त्यहाँको मानिसहरू कार्यमाभन्दा धर्ममा र श्रममाभन्दा भाग्यमा बढी विश्वास गर्दछन् । उत्पादनशील क्षेत्रमा लगानी गर्नुको सट्टा अनुत्पादनशील क्षेत्रमा खर्च गरी समाजमा धाक रवाफ देखाउँदछन् । यस्ता देशमा अवैज्ञानिक जातिपाती, छुवाछुत प्रथा धेरै मात्रामा पाइन्छ । यी सबै कारणले आर्थिक विकास कार्यलाई अगाडि बढ्न दिँदैन । वैज्ञानिक विचारले प्रतिस्थापन गरिसकेको पाइन्छ । सामाजिक स्वरूप आर्थिक विकासका लागि महत्त्वपूर्ण प्रभावकारी तत्वको रूपमा रहेको हुन्छ । समाजमा भएका मानिसको सोचाइ तथा आवश्यकता अनुसार नै आर्थिक विकासको कार्यक्रमहरू तय हुन्छन् तथा नीतिहरूको सञ्चालन हुन्छ । फेरि विकासप्रतिको चाहना सामाजिक स्वरूपबाट प्रभावित हुन्छ । समाजको स्वरूपअनुसार नै तिनीहरूको विभिन्न पेसामा संलग्न हुने र सोहीअनुसारका कामहरू सञ्चालन हुने हुँदा आर्थिक तथा सामाजिक विकास समाजको संरचनाले ठूलो प्रभाव पार्दछ ।

### आधारभूत आवश्यकताः

आधारभूत आवश्यकताको महत्त्वलाई अर्थशास्त्री महवुब उल हक यसरी व्यक्त गर्दछन्- 'कूल राष्ट्रिय उत्पादन वृद्धि अपरिहार्य छ र यसलाई आमगरिबीको समस्याको निराकरणका लागि विवेकपूर्ण निर्देशत गरिनुपर्दछ । सामजिक सूचक वर्तमान कल्याणसँग मात्र सम्बन्धित नभई मानवीय भविष्यको कल्याणसँग पनि सम्बन्धित हुने गर्दछ । आधारभूत आवश्यकता परिपूर्तिका लागि यस अवधारणाले तीनवटा नीति र प्रक्रियामाथि जोड दियो । रोजगारी र आय बढाउने, सामाजिक सेवाको क्षेत्रमा राजकीय संलग्नता वृद्धि गर्ने, उद्देश्य मानवीय विकासबाट मात्रै हुन सक्छ भन्ने धारणा आएको छ । देशमा शिक्षाको स्तरलाई दर्शाउने विभिन्न परिचायकहरूमध्ये प्रौढ साक्षरता, विद्यालयमा पढेको, औसत वर्ष र शिक्षक विद्यार्थी अनुपात, साक्षरता र विद्यालय शिक्षालाई बढी महत्त्व दिएका हुन्छन् ।

### मानवीय विकासः

मानवीय विकासमा आर्थिक विकासको साथसाथै सामाजिक विकासका पक्षहरूलाई पनि समावेश गरिन्छ । स्वास्थ्य, सरसफाइ, औसत आयु, खाद्य तथा पोषण तत्व, शिक्षा, आम्दानी तथा गरिबीको अवस्थाबाट मुक्ति, महिला तथा बच्चाहरूको स्थिति, मानवीय सुरक्षा र वातावरण आदिको समग्र स्थितिमा सुधार हुनु नै मानवीय विकास हुनु हो । मानव सभ्यतामा समग्र स्थितिको सकारात्मक स्थिति मानवीय विकास भए पनि मानव विकासको सूचांक किटान गर्न गाह्रो पर्दछ । मानवीय विकासलाई परिमाणात्मकभन्दा गुणात्मक पक्षले बढी प्रभाव पार्ने भएको हुनाले मानवीय विकासको मापन गर्न कठिनाइ परेको छ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले मानवीय विकास सूचांकको आवधारणा विकसित गरी मानवीय विकासलाई मापन गर्ने प्रयास गरिएको पाइन्छ । यस सूचकमा मानव साधन विकासका लागि निम्नलिखित तीन पक्षहरूलाई समावेश गरिएको छ । राम्रो जीवनका लागि आम्दानी, शिक्षा प्राप्ति र जीवन प्रत्याशा । विकासको सूचक सम्बन्धमा प्रोफेसर मौरिसले अनुमानित आयु, बाल मृत्युदर तथा साक्षरता दर तीन चरणहरूलाई भौतिक जीवनस्तर सूचकांक तयार गर्नुपर्ने त्यसमा सबैभन्दा कमलाई '१' अंक र सर्वोत्कृष्टलाई '१' स्तर दिई समग्रमा विकासको स्तर निर्क्योल गर्नुपर्ने विचार व्यक्त गरेका थिए ।

सन् १९९० पछि विकासको सूचकमा मानवीय विकास सुचकांकलाई महत्त्व दिन थालियो । उक्त सूचकांकले प्रोफेसर मोरिसद्वारा प्रयोग गरिएको विधि अनुसरण गरी आयु, ज्ञान तथा जीवनस्तर तीन चरणहरू गरी तिनीहरूलाई शून्यदेखि सर्वोत्कृष्ट '१' सम्मको परिधिभित्र राखी सरदर आधारमा 'न्यून' 'मध्यम' र 'उच्च' मानवीय विकासको निष्कर्ष निकालेको बुझिन आउँछ । मानवीय विकासको अवधारणा नितान्त नौलो विचार होइन । तर वैचारिकरूपले बढी सुसंगठित भएर मुलुकहरूले लागू गर्न सक्ने नीतिगत आह्वान र ढाँचासमेत बोकेर यो अवधारणा सन् १९९० देखि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रममार्फत विश्वसामु देखापर्न थाल्यो । यस अवधारणाले आर्थिक वृद्धि र आम्दानीको वृद्धिलाई विकासको वास्तविक सूचक मानेन ।

### जीवनको भौतिक गुण सूचकः

आर्थिक विकासको मापन गर्ने महत्त्वपूर्ण विकास अर्थशास्त्री मोरिस पि मोरिस ले गरेका हुन् । अर्थशास्त्री हागन/डी मोरिसका २३ वटा विकासोन्मुख तथा विकसित मुलुकहरूको तुलनात्मक अध्ययनबाट के कुरा निकालेका छन् भने भौतिक गुणस्तर या जीवन सूचक बनाउनका लागि सिर्फ तीन कुराहरू भए पुग्छ । ती तीन कुराहरूमा मानवीय सरदर आयु, शिशु मृत्युदर र साक्षरता दर नै पर्दछन् । आर्थिक विकासलाई कसरी वास्तविकरूपमा मापन गर्न सकिन्छ, कस्तो तरिका उपयुक्त हुन्छ भनी नयाँ-नयाँ तरिकाको अध्ययन अनुसन्धान गर्ने सवालमा यो सूचकको प्रादुर्भाव भएको हो । यस परिसूचकले राष्ट्रिय आम्दानीको वितरण कसरी भइराखेको छ, शिक्षा, स्वास्थ्य, पोषण आदिमा राष्ट्रिय आम्दानीको प्रयोग भएको छ वा छैन त्यो हेरेर त्यसैका आधारमा आर्थिक विकासको मापन गर्दछ । मानिसको स्वास्थ्य स्थिति, औसत आयु र साक्षरतको प्रतिशत हेरेर आर्थिक विकासको मापन गरिन्छ । यस मापदण्डअनुसार जुन देशका जनताले राम्रो शिक्षा पाएका छन् जसको जीवन प्रत्याशा राम्रो छ, साथै जहाँ न्यूनतम बाल मृत्युदर छ त्यहाँ पिक्युएलआई राम्रो भएको मानिन्छ र आर्थिक विकास भएको पनि हुन्छ ।

हालै सार्वजनिक गरेको मानव विकास प्रतिवेदनमा उल्लेख गरिएअनुसार मानव विकास सूचकांकमा १९३ देशमध्ये नेपालले १४५औं स्थान हासिल गरेको छ । संयुक्त राष्ट्र विकास कार्यक्रमले सार्वजनिक गरेको मानव विकास प्रतिवेदन २०२५ अनुसार शिक्षा, स्वास्थ्य र आम्दानी सूचकहरूमा नेपालको प्रगति मध्यम श्रेणीको छ । यसले नेपालको विकास गति मन्द र स्वाभाविक रहेको देखाउँछ । नेपालको सूचकांक मान ०.६२२ छ । गत वर्ष ०.६०१ थियो । सूचकांक मानमा एक अंकले पूर्णरूपमा मानव विकास भएको र शून्य अंकले अति कम विकास भएको अवस्थालाई जनाउँछ । यसअघि सन् २०२४ मा नेपाल १४६औं स्थानमा थियो । नेपाल दक्षिण एसियामा अफगानिस्तान (१८१) र पाकिस्तान (१६८) भन्दा माथि छ । त्यसबाहेक भुटान (१२५), भारत र बंगलादेश दुवै (१३०) भन्दा तल्लो स्थानमा रहेको छ । श्रीलंका (८९) र माल्दिभ्स (९३) उच्च मानव विकास श्रेणीमा छन् । दक्षिण एसियामा नेपाल पाँचौं स्थानमा रहेको छ । पहिलो स्थानमा श्रीलंका छ । मानव विकास प्रतिवेदन कार्यालयका अनुसार यो १६ कात्तिक २०८१ (१ नोभेम्बर २०२४) सम्म प्राप्त भएको तथ्यांकमा आधारित प्रतिवेदन हो ।

मानव विकास प्रतिवेदनमा समग्र मानव विकासका तीनवटा आधारभूत आयामहरूको औसत उपलब्धि मापन गर्ने गरिन्छ । ती आयामहरूमा पहिलो आयु अर्थात् एउटा बच्चा कति लामो उमेरसम्म सरदर बाँच्छ भनेर हेरिन्छ । यसमा नेपालीको औसत आयु ७० वर्ष चार महिना रहेको छ । यो अघिल्लो वर्षकोभन्दा न्यून हो । अघिल्लो वर्ष ७० वर्ष पाँच महिना थियो । दोस्रोमा शिक्षा रहेको छ । यसमा भर्ना भएदेखि विद्यालय शिक्षा पूरा गर्न एउटा बच्चाले बिताउनुपर्ने वर्षलाई लिइन्छ । नेपालमा विद्यालय शिक्षा पूरा गर्न १३ वर्ष आठ महिना लाग्ने अनुमान छ । अघिल्लो वर्ष १२ वर्ष छ महिना थियो । त्यस्तै, शिक्षामा नै वयष्कहरूले विद्यालय शिक्षामा बिताएको समयलाई पनि अर्को मापकको रूपमा राखिएको छ । यसमा नेपालीले विद्यालय शिक्षामा औसत बिताएको अवधि चार वर्ष पाँच महिना छ । अघिल्लो वर्ष पनि यही अवधि थियो ।

तेस्रो आयाम जीवनस्तर (आय) रहेको छ । यो भनेको देशको कूल जनसंख्याले कमाउने वार्षिक औसत कमाइ हो । यस्तो कमाइ प्रतिव्यक्ति चार हजार ७२६ अमेरिकी डलर पुगेको छ । अघिल्लो वर्ष चार हजार २६ अमेरिकी डलर थियो । पछिल्लो एक वर्षमा करिब ७०० अमेरिकी डलर प्रतिव्यक्ति आय वृद्धि भएको छ । यस्तो औसत आय अन्तर्राष्ट्रिय मापनका लागि क्रयशक्ति समानतामा रूपान्तरण गरी देशको मध्यमवर्गीय जनसंख्याले भाग गरेर निकालिन्छ । यसलाई कूल राष्ट्रिय आय (जिएनआई) पनि भनिन्छ । यो देशभित्र (व्यक्ति र व्यवसायमार्फत) र देशबाहिरबाट प्राप्त भएको कूल आम्दानीमा देशबाहिर गएको आम्दानी घटाएपछिको बाँकी रहेको कूल आय हो ।

प्रतिवेदनले नेपालका सबैभन्दा धनी एक प्रतिशत मानिससँग कूल आयको १३.७ प्रतिशत सम्पत्ति रहेको देखाएको छ । त्यस्तै, सबैभन्दा धनी १० प्रतिशतसँग २४.२ प्रतिशत सम्पति रहेको छ । सबैभन्दा गरिब ४० प्रतिशत मानिससँग भने २१.८ प्रतिशत सम्पत्ति रहेको छ । प्रतिवेदनले पछिल्लो ३३ वर्षमा नेपालको मानव विकास सूचकांक वृद्धिदर वार्षिक १.३२ प्रतिशत रहेको देखाउँछ । यो सन् १९९० देखि २०२३ सम्मको वृद्धिदर हो । पछिल्लो १३ वर्ष (सन् २०१० देखि २०२३) सम्मको वृद्धिदर सबैभन्दा न्यून ०.९४ प्रतिशत रहेको छ ।

मानव विकास सूचकांक (एचडिआइ) मा यस वर्ष नेपालको एक स्थान सुधार भएको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले सार्वजनिक गरेको मानव विकास सूचकांक प्रतिवेदन २०२५ ले नेपाल १४५औं स्थानमा परेको देखाएको हो । विश्वका १९३ देशमध्ये गत वर्ष नेपाल १४६औं स्थानमा रहेकामा यस वर्ष केही सुधार भएर एक स्थान माथि उक्लेको हो । सन् २०२२ मा नेपाल १५०औं स्थानमा थियो । सन् २०२५ मा एचडिआईमा नेपालले ०.६२२ अंक प्राप्त गरेको छ । सन् २०२४ मा नेपालले ०.६०५ अंक प्राप्त गरेको थियो । उक्त अवधिमा नेपालीको औसत आयु ७०.४ वर्ष छ । २०२५ को मानव विकास प्रतिवेदनले पछिल्लो ३५ वर्षयता नेपालको मानव विकास सूचकांकमा सुधार आएको देखाएको हो । सो अवधिमा गरिबी घट्दै गएको देखिए पनि धनी र गरिबबीचको अन्तर झनै फराकिलो बन्दै गएको प्रतिवेदनले औंल्याएको छ । न्यून प्रतिव्यक्ति आय, लैंगिक तथा भौतिक असमानतालगायत कारण मानव विकास सूचकांकमा नेपालले अपेक्षाकृत सुधार गर्न नसकेको प्रतिवेदनले देखाएको छ ।

सन् २०२५ को मानव विकास प्रतिवेदन 'ए' म्याटर अफ च्वाइस : पिपल एण्ड पसिबिलिटिज इन द एज अफ आर्टिफिसियल इन्टेलिजेन्स एआई' विषयमा केन्द्रित छ । प्रतिवेदनले कोभिड-१९ महामारीबाट प्रभावित विश्वव्यापी मानव विकास प्रगतिमा अझै गति सुस्त भएको चेतावनी दिएको छ । एआईको प्रयोगबाट मानव विकासलाई थप सशक्त बनाउन, समावेशितालाई प्रवर्द्धन गर्न र न्यायपूर्ण समाज स्थापनाका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना पनि देखाएको छ । प्रतिवेदनले १८ प्रतिवेदन सार्वजनिक कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्रीले नेपालले सूचना प्रविधि क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको जनाएको छ ।

(लेखक अधिवक्ता तथा भक्तपुर क्याम्पसका पूर्वसहप्राध्यापक हुन्)



**कालीगण्डकी नदी र पर्वतीय शृंखला** | मुस्ताङको घरपझोङ गाउँपालिका–२ मार्फा खोलाबाट देखिएको कालीगण्डकी नदी, घरपझोङ पर्वतीय शृंखलासहित आसपासका क्षेत्र । *तस्विरः सुशीलबाबु थकाली/रासस*

# स्याङ्जाका अस्पतालमा सर्पदंशको उपचार सुरु

**वालिङ (स्याङ्जा)**– स्याङ्जाका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा सर्पदंशको उपचार हुने भएपछि बिरामीलाई सहज भएको छ । जिल्लास्थित अस्पतालमा सर्पदंश सेवा सुरु गरेसँगै सर्पले डसेमा उपचारका लागि पोखरा तथा पाल्पा जानुपर्ने बाध्यता हटेको हो ।

प्रदेश जनस्वास्थ्य कार्यालयले तालिमसहित चिकित्सक तथा उपकरणको व्यवस्थापन गरी सर्पदंश सेवा सुरु गरेको हो । स्याङ्जाका छ पालिकास्थित अस्पताल र दुई प्राथमिक स्वास्थ्य केन्द्र गरी आठ स्वास्थ्य संस्थामा सर्पदंशका बिरामीलाई उपचार सेवा दिइएको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख केशवप्रसाद चापागाइँले बताए ।

जिल्लाका चापाकोट नगरपालिकास्थित चापाकोट नगर अस्पताल, वालिङस्थित गह्रौं प्राथमिक अस्पताल, गल्याङस्थित गल्याङ नगर अस्पताल र मालुङ्गा प्राथमिक स्वास्थ्य केन्द्र, भीरकोटस्थित भीरकोट नगर अस्पताल, पुतलीबजारस्थित स्याङ्जा जिल्ला अस्पताल, आँधीखोला गाउँपालिकास्थित सेतिदोभान अस्पताल र पञ्चमुल प्राथमिक स्वास्थ्य केन्द्रमा सर्पदंशको उपचार सेवा सञ्चालनमा रहेको उनले बताए ।

'विषालु होस् वा विषरहित सर्पले डसेको होस् जे जस्तो भए पनि बिरामी उपचारका लागि पाल्पा वा पोखरा जाने चलन बढी छ,' उनले भने, 'जिल्लामा भएका अस्पतालमा सर्पदंशको उपचार प्रभावकारी नभएपछि अन्यत्र जाने गरेता पनि अबका दिनमा जिल्लाभित्रैका अस्पतालमा विषालु र विषरहितको कस्तो सर्पले डसेको हो भन्ने पत्ता लगाएर उपचार गरिन्छ ।'

तालिम प्राप्त स्वास्थ्यकर्मीले विषालु हो वा विषरहित सर्पको पहिचान गरी सोहीअनुसारको उपचार गर्छन् । जिल्लाभित्र सर्पदंश उपचार सेवा अस्पतालमा सञ्चालन भएसँगै जटिलबाहेक सामान्य बिरामीको उपचार यहीँका स्वास्थ्य संस्थाहरूमा हुने भएपछि उपचारका लागि अन्यत्र जाने बिरामीको संख्या घट्दै गएको उनले बताए । सर्पले डसेपछि जोखिम मोलेर घरमै नबस्न र एकपटक स्वास्थ्य संस्थामा गएर परामर्श तथा उपचार लिन पनि उनले सुझाव दिएका छन् ।

जिल्लामा बर्सेनि झण्डै २०० देखि २५० जनालाई सर्पले डस्ने गरेको तथ्यांक प्रदेश जनस्वास्थ्य कार्यालयको तथ्यांकमा उल्लेख छ । त्यसमध्ये धेरै जोखिम कालीगण्डकी नदीको किनारमा अवस्थित चापाकोट नगरपालिकामा रहेको छ । चापाकोटमा अन्य स्थानीय तहको तुलनामा सर्पले डसेका बिरामी धेरै हुने गरेकाले चापाकोट नगर अस्पतालमा सर्पदंश उपचार स्थापना गरिएको चापाकोका नगर प्रमुख देवबहादुर खाँणले जानकारी दिए ।

सर्पदंश उपचार केन्द्र सञ्चालनमा आएसँगै सर्पको डसाइबाट बिरामी भएका मानिसले समयमै उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य भएको बताए । 'सर्पले डस्नासाथै सामान्य उपचारका लागि पनि यहाँबाट अन्यत्र अस्पतालमा जानुपर्ने बाध्यता थियो,' उनले भने, 'नगर अस्पतालमै सर्पदंश उपचार सेवा सञ्चालनमा आएपछि अन्यत्र जानुपर्ने बाध्यता हट्नुका साथै समय र आर्थिक बचत पनि हुने छ ।'

स्याङ्जामै सबैभन्दा धेरै गर्मी हुने ठाउँको रूपमा चापाकोटसहितका कालीगण्डकी नदी किनारमा सर्पको डसाइ बढी हुने गरेको छ । चापाकोटमा सर्पदंश उपचार सेवा सञ्चालन भएसँगै छिमेकी जिल्ला तनहुँको दक्षिण पश्चिमी भेग, पूर्वी पाल्पा तथा नवलपुरको उत्तरी क्षेत्रका नागरिक लाभान्वित हुने छन् । सर्पदंश उपचार केन्द्रमा आवश्यक सबै उपकरण जडान भइसकेको र उपचार सेवा सञ्चालन भएको चापाकोट नगर अस्पतालका डा. अर्जुन पाण्डेले जानकारी दिए । *रासस*

# पोखराको सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सेवाग्राहीको चाप

■ राम थापा

**गण्डकी–** स्वास्थ्य बिमाका लागि प्रथम सेवा विन्दुका रूपमा रहेको पोखरा महानगरपालिका–८ नयाँ बजारस्थित सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सेवाग्राहीको थेगिनसक्नु भीड लाग्ने गरेको छ ।

स्वास्थ्य बिमा गरेका अधिकांश बिरामी उक्त केन्द्रबाट 'रिफर' लिएर थप उपचारका लागि पोखराका ठूला अस्पतालमा जाने गरेका छन् । पछिल्लो समय अस्पतालले १५ दिनका लागिमात्र औषधि दिन थालेपछि केन्द्रमा 'रिफर' लिन आउने बिरामीको संख्या झन् बढेको केन्द्रका प्रमुख कुश्मराज सुवेदीले बताए ।

'उपचारभन्दा पनि रिफर लिन आउने बढी हुँदा केन्द्रमा चाप बढेको छ, न्यून पूर्वाधार र जनशक्तिबाट सेवा दिनै कठिन भइरहेको छ,' उनले भने, 'दैनिक २०० भन्दा बढी सेवाग्राही केन्द्रमा आउनुहुन्छ, कुपन लिन बिहान ७ बजेदेखि नै लाम लाग्छ ।' कुपन बन्द नगर्ने हो भने दिनमै साढे ३०० जति सेवाग्राही केन्द्रमा आउने प्रमुख सुवेदीले बताए ।

सेवाग्राहीको चापअनुसार केन्द्रमा आठ जना मेडिकल अधिकृतसहितका जनशक्ति चाहिने उनको भनाइ छ । अहिले तीन जना मेडिकल अधिकृतले त्यहाँ सेवा दिइरहेका छन् । एकैसाथ सेवाग्राहीको भीड हुँदा व्यवस्थापनमासमेत कठिनाइ उत्पन्न भइरहेको प्रमुख सुवेदीको भनाइ छ ।

'जनशक्ति थपेर दुई सिफ्टमा सेवा दिने हो भने सेवाग्राहीको भीडलाई व्यवस्थापन गर्न सकिन्छ, नभए अहिलेकै अवस्थामा सेवा दिन कठिन भइसकेको छ,' उनले भने, 'फर्मासिस्ट, कम्प्युटर अपरेटरलगायत जनशक्तिको अभावले पनि चुनौती थपिएको छ ।'

पूर्वाधार र व्यवस्थापन अभावमा लामो समयदेखि अस्तव्यस्त बनेको उक्त केन्द्रलाई केही व्यवस्थित गर्ने प्रयास गरिए पनि सेवाग्राहीको चापका कारण त्यो पर्याप्त नभएको प्रमुख सुवेदीले बताए । केही महिनायता केन्द्रको आन्तरिक सुधार र सेवा विस्तारका काम गरिएको उनको भनाइ छ । पुरानो भवन मर्मतसम्भारसहित आवश्यक संरचना थपेर नयाँ व्यवस्थापनका साथ सेवा दिन सुरु गरिएको उनले बताए ।

महानगरपालिकाको स्वास्थ्य महाशाखाअन्तर्गत २०७५ पुसमा स्थापना भएको उक्त केन्द्रमा जनशक्ति र उपकरणको अभाव रहँदै आएको थियो । यसअघि प्रयोगशाला र भान्सा एउटै कोठाबाट सञ्चालन हुँदै आएकामा अहिले त्यसलाई छुट्टाछुट्टै कोठाबाट सञ्चालन गरिएको छ । महानगरअन्तर्गतका स्वास्थ्य संस्थामध्ये सबैभन्दा बढी बिरामी आउने उक्त केन्द्रलाई सुविधासम्पन्न बनाउन पहल भइरहेको महानगरपालिकाको स्वास्थ्य महाशाखाले जनाएको छ । भौतिक पूर्वाधारसहित जनशक्ति र स्रोतको व्यवस्थापन गर्न सकेमा यो केन्द्रलाई पोखरा महानगरपालिकाकै सुविधासम्पन्न स्वास्थ्य संस्था बनाउने सकिने सम्भावना देखिन्छ ।

केन्द्रले पछिल्लो समय प्रयोगशाला परीक्षणको रिपोर्ट अनलाइन प्रणालीबाट घरमै हेर्न सकिने सुविधा दिएको छ । बहिरंग सेवा, मनोसामाजिक परामर्शलगायत सेवालाई थप व्यवस्थित बनाउन पहल अगाडि बढाइएको छ । पहिले दमकलको कार्यालय रहेको पुरानो भवनबाट केन्द्र सञ्चालित छ । केही समयअघिसम्म अस्तव्यस्त देखिने उक्त केन्द्रमा गत मंसिरदेखि पूर्वाधार व्यवस्थापन र सेवाको गुणस्तर सुधारको काम सुरु गरिएको हो ।

घेरबार नहुँदा केन्द्रको भवन परिसर सवारीसाधन पार्किङ गर्ने, दुर्व्यसनमा फसेका युवा सुत्नेस्थलका रूपमा प्रयोग हुँदै आएकामा अहिले पर्खाल र प्रवेशद्वार निर्माण गरिएको छ । स्वास्थ्य उपकरण र जनशक्ति थपका लागि महानगर तथा प्रदेश सरकारसँग पहल भइरहेको केन्द्रले जनाएको छ । बिरामीको चापअनुसार केन्द्रमा चिकित्सक र स्वास्थ्यकर्मीको संख्या अपुग रहेको छ । *रासस*

**नेपाल सरकार**
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
**संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
**धनगढी, कैलाली**

## प्राविधिक प्रस्ताव छनौट सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति :–२०८२/०३/०६**

यस आयोजना अन्तर्गत तपशिलको आयोजनाको लागि ww.bolpatra.gov.np को Egp system मा Submission भएका निम्नानुसार बोलपत्रहरूको प्राविधिक प्रस्तावहरूको मुल्यांकन हुदा तपसिल अनुसारका बोलपत्रहरु सारभूतरूपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल भएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ ज (५) बमोजिम तपसिलको मिति र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना प्रकाशित मिति | आयोजनाको नाम | ठेक्का संकेत नं. | सारभूतरूपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल बोलपत्रदाताहरू | आर्थिक प्रस्ताव खोलिने मिति समय र स्थान |
|---|---|---|---|---|
| २०८१/१२/२२ मिसन टुडे | Construction of Lamki Chuha Co-Financing Water Supply and Sanitation Project Package-II, Kailali | 01/2081-82/ CoF/NCB/ FWSSMP/ Kailali | 1) Sagarmatha-Prasansha-Bagmati JV Khotang 2) Supreme-Jaymata JV, Kathmandu | २०८२/०३/१३ गते १३:०० बजे, स्थान: संघिय खा.पा.तथा ढल व्यवस्थापन आयोजना, धनगढी |

**आयोजना प्रमुख**

# Solukhumbu Multiple Campus
**Salleri, Solukhumbu**

## Invitation for Bid

**Date of publication:** 20th June, 2025, (2082-03-06)

1. Solukhumbu Multiple Campus invites electronic bids from eligible bidders for the following work under NCB.

| Contract ID | Name of Project | Price of Bid Document | Bid Security Amount | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|
| SMC/ WORKS/ NCB/ 081/82-02 | Construction of Administrative Building of Solukhumbu Multiple Campus, Salleri Solukhumbu | NRs. 5,000.00 (Five Thousand) | NRs. 14,00,000.00 (Fourteen Lakh) | 20th July, 2025 (2082-04-04), 12.00 Hours | 20th July, 2025 (2082-04-04), 13.00 Hours |
| Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: Nrs:- 6,83,10,000.00<br>Minimum Work experience of similar size and nature: Nrs:- 4,20,00,000.00 | | | | | |

2. Eligible Bidders may obtain further information from the office of Solukhumbu Multiple Campus during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Campus Chief**

## मोटरसाईकल हरायो

मिति २०८२/०२/३१ गते का.म.न.पा. वडा नं. ८, पशुपति ३ नं गेटबाट **PULSAR 200 NS** को कालो रातो रंगको मोटरसाईकल साँझ ७:१० बजेको समयमा हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न सम्पर्क नम्बरमा खबर गरिदिनुहोला ।

**सवारीधनी: दिपेन्द्र बस्नेत**
**मोटरसाईकल नं.** बा.प्र.०२-०५४ प २२८६
**Engine No.:** JLXCRE95510
**Chasis No.:** MDZA36FX8RCE98639
**सम्पर्क नं.:** 9840032219

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।१२।१८ गते भक्तपुर, सु.न.पा-०८, सिपाडोल सुर्यविनायकबाट पार्किङ गरिराखेको कालो रङ्को Bajaj 150 cc मोटरसाइकल रातको अन्दाजी ८:१५ देखि ८:४५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : बद्रिलाल मानन्धर**
**बाइक नं.: बा.प्र.०३ ०२ ०१२ प ६७७२**
**च्यासिस नं.: MD2AHCYXEPE 30313**
**इन्जिन नं. : DHYRE75216**
**ठेगाना: काभ्रे, धुलिखेल-७**
**सम्पर्क: ९८४१९१५९४४**

## राहदानी हरायो

मिति २०८२/०१/२५ गते बसपार्कबाट चावहिल जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **सुमन अधिकारी दनुवार**
राहदानी नं : **४४८८०४५**
ठेगाना: **टाडी-४, सिन्धुली**
फोन नं : **९८२३३६४०६६**


## मलेसियामा रोजगार
कम्पनी : MAC SECURITY CONSULTANTS SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८२/03/05 | LT. No. 324537 | चलानी नं. ६०२३९८४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 13 | 0 | 1700 | ५५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Friendship And Cooperation Recruitment Pvt.Ltd
श्रम इजाजत नं. १५८९/०७९/०८०
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647
E-mail: fcmanpower1589@gmail.com

## MAURITIUS मा रोजगार
कम्पनी : Martinson & Company LTD

पूर्व स्वीकृति मिति : २०८२/03/05 | LT. No. 325889 | चलानी नं. ६०२३९८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason/Shuttering Carpenter/Steel Fi | 70 | 0 | 19500 | ५८,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, ललितपुरमा मिति: २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६

## ओमनमा रोजगार
कम्पनी : ALNAJLA BEAUTY

पूर्व स्वीकृति मिति : २०८२/03/04 | LT. No. 325876 | चलानी नं. ६०२३९७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist -Female | 0 | 1 | 170 | ६१,१०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम इजाजत नं. ९७५/०६७/०६८

## साउदीमा रोजगार
कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL-JERALSY RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/02/08 | LT. No. 325776 | चलानी नं. ६०२३९७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1000 | ३६,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com
श्रम इजाजत नं. १३१८/७४/७५

## कुवेतमा रोजगार
कम्पनी : MADRAG COMPANY FOR GOODS DELIVERY — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/03/05 | LT. No. 325874 | चलानी नं. ६०२३९८१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVERS | 20 | 0 | 140 | ६३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAAB FACTORY FOR WASTE BATTERIES AND BATTERY RECYCLING — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/08/14 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/05 | LT. No. 314679 | चलानी नं. ६०२२८९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 14 | 0 | 120 | ५४,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TEJA GENERAL TRADING COMPANY — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/05/24 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/05 | LT. No. 310466 | चलानी नं. ६०२२५०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT COOK | 4 | 0 | 140 | ६३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 4 | 0 | 130 | ५८,८३० | | | | | | | |
| 3 | Cashier/Tellers | 0 | 4 | 140 | ६३,३५५ | | | | | | | |
| 4 | Cleaner Indoor | 0 | 6 | 90 | ४०,७३० | | | | | | | |
| 5 | Kitchen Helper | 1 | 0 | 120 | ५४,३०५ | | | | | | | |
| 6 | Waitress | 6 | 6 | 120 | ५४,३०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

# प्रभाव दैनिक





### 'मोहर'को 'चाहिँदैन मोहर पर्दैन सुकी' सार्वजनिक

साउनको २३ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'मोहर'को पहिलो गीत 'चाहिँदैन मोहर पर्दैन सुकी' बिहीबार सार्वजनिक गरिएको छ। काठमाडौँको सिटी सेन्टरस्थित बिग मुभिजमा आयोजित एक कार्यक्रमकाबिच गीत सार्वजनिक गरिएको हो। शरद हुमागाँई र विशाखा शाहीको स्वर रहेको चलचित्रको यो रोमान्टिक गीतमा शब्द प्रमोद ढुङ्गानाको छ। सुरेश अधिकारीले सङ्गीत दिएको गीतको भिडियोमा नायक पल शाह र नायिका नीति शाहलाई फिचरिङ गरिएको छ।  गीतको भिडियोमा पल र नीतिको प्रेम भाव छल्किएको छ।




शुक्रबार, ०६ असार, २०८२ (Friday, June 20,  2025)


# 'रङ डेस्टिनेसन २' मा किरण र आयशाको 'ब्रेक डान्स'

■ प्रभाव संवाददाता



**काठमाडौं–** सिमा गुरुङ निर्देशित फिल्म हो 'रङ डेस्टिनेशन २'। फिल्मको पहिलो गीत 'ब्रेक डान्स' सार्वजनिक भएको छ। गायिका समिक्षा अधिकारी र गायक ओम सुनारको स्वर रहेको रोमान्टिक गीतमा संगीत पनि गायक सुनारनै दिएका छन्। गीतका शब्द मुना शाहले कोरेकी हुन्।

गीतको भिडियो भने डान्सिङ फेवरमा तयार गरिएको छ। जसमा फिल्मका मुख्य कलाकार आयशा तामाङ र किरण श्रेष्ठ देखिएका छन्। कल्चरल ड्रेस र कोरस समेत प्रयोग गरिएको गीतको भिडियोमा कोरियोग्राफी रोशनी थापा मगरले गरेकी हुन्।

फुलमुन मोसन फिक्चर्स प्रालीको ब्यानरमा निर्माण भएको फिल्म हरर र थ्रिलर कथामा निर्माण भएको हो। किरण श्रेष्ठ, आयशा तामाङ, कालु राणा, आकी थेक्पा, सुगन तन्दुकर, उज्वल, सञ्जय थापा, सकल रेग्मीलगायतका कलाकारको अभिनय फिल्ममा छ।

फिल्म कार्यकारी निर्माता सुगन तन्दुकर हुन् भने निर्माता समाइरा तन्दुकार र शर्मिला लामा रहेका छन्। मुस्ताङका बिभिन्न रमणिय स्थानमा छायांकन भएको फिल्मको प्रदर्शन तिमि भने जुर्न बाँकी रहेको छ।

विदेशका बिभिन्न फेष्टिभलको प्रदर्शनपछि मात्र फिल्म स्वदेशमा प्रदर्शन गरिने निर्देशक सिमा गुरुङले बताइन्। फिल्ममा सञ्जय थापाको द्वन्द्व, रणधीर श्रेष्ठको छायांकन र बनिश शाहको सम्पादन छ।

# 'फेस अफ नेपाल-२०२५' को अडिसन जारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** एशिया मोडल फेस्टिवल फेस अफ नेपाल २०२५ को यतिबेला अडिसन भइरहेको छ।

काठमाडौंको ज्ञानेश्वरमा रहेको एटिक रेस्टुरेन्टमा विगत पाँच दिनदेखि फिजिकल अडिसन भइरहेको हो।

आयोजक एमएस प्रोडक्सन नेपालका अनुसार अहिलेसम्म झण्डै ३० जनाको अडिसन भइसकेको र अबको केहिदिनसम्म अडिसन जारी रहनेछ। फेस अफ नेपाल २०२५ का लागी प्रतियोगीहरूको मापदण्डमा केही परिवर्तन गरिएको छ।

प्रतियोगीहरू पुरुष र महिला दुवैका लागि यसपटकबाट उचाइमा कुनै पनि मापदण्ड राखिएको छैन। त्यसैले पनि अडिसनमा आउनेहरू उत्साहित देखिएका छन्। संख्यात्मक हिसाबमा अडिसनमा धेरै सहभागी भइरहेका छन्। यो बर्षबाट जुनसुकै उचाइका पुरुष र महिलाले सहभागिता जनाउन सक्नेछन्।

फेस अफ नेपाल की नेशनल डिरेक्टर मेनुका माझीले उचाईका कारण मात्रै आफूमा भएको अन्य ट्यालेन्टलाई मर्न नदिन फेस अफ नेपालमा यसपटकबाट उचाईको मापदण्ड हटाइएको जानकारी गराएकी छन्।

उनले उमेरमा भने १६ वर्ष भन्दा र ३० वर्षसम्मकाले सहभागीता जनाउन सक्ने जानकारी दिइन्। फेस अफ नेपालका बिजेताहरूले कोरियामा हुने प्रतियोगीतामा नेपालको तर्फबाट प्रतिनिधित्व गर्न पाउनेछन्।

# 'मिस नेपाल पिस २०२५' का लागि आवेदन खुल्ला

■ प्रभाव संवाददाता




**काठमाडौं–** 'मिस नेपाल पिस २०२५' को खोजी सुरु भएको छ। आयोजक संस्था नेक्स्ट मोडल्स नेपालले बिहीबार एक विज्ञप्ति जारी गर्दै प्रतियोगिताको आवेदन खुल्ला भएको जानकारी गराएको हो। प्रतियोगितामा १७ देखि २८ वर्षसम्मका नर्स तथा नर्सिङ अध्ययनरत युवतीले भाग लिन सक्नेछन्। आवेदन फारम 'खल्ती' एपमा उपलब्ध छ।

प्रतियोगिताका शीर्ष तीन विजेताले नगद एक लाखका अलवा अन्तराष्ट्रिय प्रतियोगीता 'मिस वर्ल्ड पिस', 'मिस ग्लोबल', 'मिस प्लानेट इन्टरनेसनल' नेपालको प्रतिनिधित्व गर्न'का साथै ५ लाख बराबरको विभिन्न उपहारसमेत जित्न सक्नेछन्। 'सशक्त महिला, सबल राष्ट्र' भन्ने नाराका साथ आयोजना हुँदै आएको यो स्वास्थ्य पेसासँग सम्बन्धित एकमात्र सामाजिक सौन्दर्य प्रतियोगिता हो।

प्रतियोगितामा देशभरका नर्स तथा नर्सिङ कलेजमा अध्ययनरत युवतीहरूले सहभागिता जनाउन सक्नेछन्। छनोट चरणको अडिसनबाट छानिएका प्रतियोगीलाई विभिन्न प्रशिक्षण दिएर अन्तिम चरणका लागि तयार पारिनेछ।

प्रतियोगिताको प्रारम्भिक चरणमा देशभरका चार दर्जन नर्सिङ कलेज तथा एक सयभन्दा बढी अस्पतालमा कार्यरत नर्सहरूको उत्साहजनक सहभागिता रहने आयोजक संस्था नेक्स्ट मोडल्स नेपालका अध्यक्ष रवि धमलाले बताए।

अन्तर्राष्ट्रिय स्तरमै शान्तिको सन्देश फैलाउँदै नर्सिङ पेसामा आबद्ध तथा अध्ययनरतहरूलाई पेसा र समाजप्रति थप उत्तरदायित्व बोध गराउने उद्देश्यले यो प्रतियोगिता आयोजना हुँदै आएको हो।

अन्तिम प्रतिस्पर्धाका लागि प्रतियोगीलाई सञ्चार कला, व्यक्तित्व विकास, मोटिभेसन, लिडरसिप, ड्रेस सेन्स, पब्लिक स्पिकिङ, करियर काउन्सिलिङ लगायतका विषयमा प्रशिक्षण दिइने आयोजक संस्थाकी प्रबन्ध निर्देशक यतना पाण्डेले बताइन्।

प्रतियोगितामा विभिन्न आधा दर्जन उपविधामा समेत विजेता छानिनेछन्।

## रंगशाला

### एसिसी पुरुष यू-१६

# नेपाली राष्ट्रिय टिम घोषणा

■ प्रभाव संवाददाता



**काठमाडौं–** मलेसियामा आयोजना हुने एसिसी पुरुष यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताका लागि बिहीबार नेपाली राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरिएको छ। यही असार ८ देखि २१ गतेसम्म मलेसियामा हुने उक्त प्रतियोगिताका लागि नेपाल क्रिकेट सङ्घ (क्यान)ले विपिनप्रसाद शर्माको कप्तानीमा १४ सदस्यीय टोलीको घोषणा गरेको हो।

नेपाली टोलीमा कप्तान शर्मासहित उपकप्तान सुर्याशु कोइराला, शिवान्श बजगाईं, रौनक श्रीवास्तव, परिमर्जन यादव, अभय यादव, सचिन भट्ट, सुगम बुढाथोकी, सुयोग भट्टराई, सुसिल रावल, शुभम खनाल, प्रसिद्ध जैशी, जोय थापा र रोशन शाही छन्।

प्रतियोगितामा नेपालसहित विभिन्न १० टोलीको सहभागिता रहनेछ। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। नेपाल समूह 'ए' मा परेको छ। नेपालको समूहमा सिङ्गापुर, इन्डोनेसिया, भुटान र जापान छन्। समूह 'बी'मा आयोजक मलेसियासहित थाइल्याण्ड, माल्दिभ्स, हङकङ र म्यानमार छन्। नेपालले यही असार ८ गते सिंगापुरसँग खेल्दै प्रतियोगिताको उद्घाटन गर्नेछ। हरेक समूहबाट विजेता र उपविजेता सेमिफाइनलमा प्रवेश गर्नेछन्। सेमिफाइनलका विजेताबीच यही असार २१ गते उपाधिका लागि प्रतिस्पर्धा हुनेछ।

### गण्डकी प्रदेशस्तरीय क्रिकेट

# नवलपुर र स्याङ्जा फाइनलमा

■ प्रभाव संवाददाता

**कास्की –** पोखरामा जारी गण्डकी प्रदेशस्तरीय टी-२० पुरुष क्रिकेटमा नवलपुर फाइनलमा पुगेको छ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा आज सम्पन्न लिग चरणको अन्तिम खेलमा नवलपुरले कास्कीलाई पाँच विकेटले पराजित गर्दै समूह 'बी' को विजेता बनेर फाइनलमा स्थान बनाएको हो। नवलपुरले अब उपाधिका लागि शुक्रबार समूह 'ए' को विजेता स्याङ्जासँग प्रतिस्पर्धा गर्नेछ।

समूह 'बी' मा नवलपुर, कास्की र पर्वतले समान दुईरदुई खेल जित हात पारेर समान चार/चार अङ्क भए पनि 'रनरेट'का आधारमा नवलपुर शीर्षस्थानमा उक्लदै फाइनलमा पुगेको हो।

प्रतियोगिताको विजेता टिमले नगद रु एक लाख, उपविजेताले रु ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। त्यस्तै, उत्कृष्ट खेलाडीलाई रु चार हजार, उत्कृष्ट ब्याटर, बलर र उदियमान खेलाडीलाई जनही रु दुई हजारसहित ट्रफी प्रदान प्रतियोगिताका संयोजक ऋषिराम गौतमले बताए।

### सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप

# एमेच्योर राहुललाई उपाधि

■ प्रभाव संवाददाता




**काठमाडौं–** एमेच्योर गल्फर राहुल विश्वकर्माले सूर्य नेपाल गल्फ टुर २०२४-२५ को अन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको उपाधि जितेका छन्। समग्रमा २१ अन्डर २ सय ६७ को स्कोरमा नेपाल नम्बर एक प्रोफेसनल गल्फर भुवन नगरकोटीलाई २ स्ट्रोकले हराउँदै करियरकै उपाधि जितेका हुन्। राहुलले बिहीबार ५-अन्डर ६७ को स्कोर गरे।

राहुलले यो सिजनको दोस्रो उपाधि जिते। यसअघि उनले सिजनको पहिलो प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपन जितेका थिए।

समग्रमा १९-अन्डर २ सय ६९ को स्कोरमा भुवन नगरकोटी दोस्रो भए। उनले ८-अन्डर ६४ को स्कोर गरे। प्रोतर्फ पहिलो भएका उनले नगद ३ लाख प्राप्त गरे। एमेच्योर सदभाव आचार्य समग्रमा १८-अन्डर २ सय ७० को स्कोरमा तेस्रो भए। उनले ५-अन्डर ६७ को स्कोर बनाए। उनी एमेच्योरतर्फ दोस्रो भए।

साबिक विजेता सुबाश तामाङ समग्रमा १५-अन्डर २ सय ७३सहित चौथो भए। उनले इभन-पार ७२ स्कोर गरे। प्रोतर्फ उनी दोस्रो हुँदा नगद १ लाख ८५ हजार प्राप्त गरे। भुटानका एमेच्योर निम दोर्जी तामाङ समग्रमा १४-अन्डर २सय ७४ सहित पाँचौं स्थानमा रहे। उनले ६-अन्डर ६६को उत्कृष्ट स्कोर गरे। एमेच्योरतर्फ उनी तेस्रो भए।

धरानका प्रो निरज तामाङले १-ओभर ७३ स्कोर गरे। समग्रमा १०-अन्डर २ सय ७८ सहित छैटौं भए। प्रो तर्फ तेस्रो भएका उनले १ लाख २५ हजार नगद हात पारे। उनी आगामी सिजनको नम्बर एक खेलाडी बनेका छन्। उनले यो सिजन तीन उपाधिसहित सर्वाधिक ८ लाख ६७ हजार ५ सय नगद पुरस्कार प्राप्त गर्दै अर्डर अफ मेरिटमा पहिलो भए।

दिनेश प्रजापति समग्रमा ९-अन्डर २ सय ७९ को स्कोरमा सातौं भए। उनले २-अन्डर ७० स्कोर गरे। प्रोतर्फ चौथो हुँदै नगद १ लाख ५ हजार प्राप्त गरे। शुक्रबहादुर राई समग्रमा ८-अन्डर २ सय ८० सहित आठौं भए। ५-अन्डर ६७ स्कोर गरे। प्रोतर्फ पाँचौं भएका उनले नगद ९२ हजार हात पारे।

समग्रमा ३-अन्डर २ सय ८५ को स्कोरमा प्रो सञ्जय लामा रएमेच्योर वाङ्चेन ढोन्डुपले संयुक्तरूपमा नवौं स्थान बाँडे। सञ्जयले इभन-पार ७२ र वाङ्चेनले २-अन्डर ७० मा खेल सकाए। प्रो तर्फ छैटौं भएका सञ्जयले ८४ हजार प्राप्त गरे। यस्तै रवि खड्का, धन बहादुर थापा, जयराम श्रेष्ठ र तोरण विक्रम शाही प्रोतर्फ उत्कृष्ट दशमा रहे।

तेस्रो दिनका लिडर राहुलले आज फ्रन्ट नाईनमा बोगीरहित ५-अन्डर ३१ स्कोर गरे। उनले पहिलो, तेस्रो, छैटौं, सातौं र नवौं होलमा बर्डी प्रहार गरे। ११औं र १२ औं होलमा पनिएक-एक सट बचाउँदा २३-अन्डरमा स्कोर पुऱ्याइ सकेका थिए। तर ४-पारको १४औं होलमा डबल बोगी खेप्दा ब्याक नाइन इभन-पार ३६ मा सकाए।

भुवन नगरकोटीले तेस्रो होलमा इगलको सफलता प्राप्त गरे।चौथो, सातौं र नवौं होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन५-अन्डर ३१मा सकाए। यसपछि ११औं, १२औं, १५औं र१७औं होलमा एक-एक सट बचाए। १४ औं होलको बोगीले ब्याक नाइन ३-अन्डर ३३ मा पुरा गरे।

सद्भावले फ्रन्ट नाइनमा इभन-पार ३६ खेले। तेस्रो होलमा डबल बोगी खेपे। छैटौं, सातौं र नवौं होलमा बर्डी प्रहार गर्दा आठौं होलमा एक सट खेर फाले। यसपछि १२ औं होलमा इगलको सफलता प्राप्त गर्दा ११औं, १४औं र १५औं होलको बर्डीले ब्याकनाइन ५-अन्डर ३१ मा सकाए।

विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रालिका प्रबन्ध निर्देशक रवि कुमार रायवरम र नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन (एनपिजिए) का अध्यक्ष रवीन्द्रमान श्रेष्ठले पुरस्कार वितरण गरे।

एनपिजिएद्वारा आयोजित चार दिने प्रतियोगितामा हाल सम्मकै सर्वाधिक १६ लाख नगद पुरस्कार राशी रहेको थियो। जहाँ ३७ प्रोर १८ एमेच्योर गरी कुल ५५ गल्फरले सहभागीता जनाएका थिए। अब शनिबार प्रो-एम प्रतियोगिता हुनेछ। जहाँ ३० प्रोफेसनलर १२० जना कर्पोरेट स्तरका एमेच्योर खेलाडीले भाग लिनेछन्।



इजरायलको तेल अभिभको पूर्वमा रहेको रमत गान सहरस्थित भूमिगत लाइट रेल स्टेसनमा सुरक्षित रात बिताउन आश्रय लिएका मानिसहरू । *तस्बिर: एएफपी*

# इजरायल र इरानबाट आफ्ना नागरिकको निकासीमा हतारो

**हङकङ–** विश्वभरका सरकारहरूले द्रुत गतिमा बढिरहेको इजरायल–इरान द्वन्द्वमा फसेका आफ्ना हजारौं नागरिकलाई निकाल्ने प्रयास गरिरहेका छन् । उनीहरूले बस र विमानहरू व्यवस्थित गरिरहेका छन् र केही अवस्थामा मानिसहरूलाई पैदल सीमा पार गर्न मद्दत गरिरहेका छन् ।

गत शुक्रबार इजरायलले इरानको आणविक र सैन्य सुविधाहरूलाई लक्षित गरी अभूतपूर्व बम आक्रमण अभियान चलाएपछि तेहरानबाट बदलाको कारबाही सुरु भएकाले विदेशीहरूले दुवै देश छाड्न हतार गरेका छन् । तर इजरायलको हवाई क्षेत्र बन्द भएपछि र दुई देशले भारी क्षेप्यास्त्र प्रहार गर्दा धेरै मानिसलाई तेस्रो देशहरूबाट निकालिएको छ ।



## युरोप

युरोपेली देशहरूले पहिले नै इजरायलबाट आफ्ना सयौं नागरिकलाई स्वदेश फिर्ता गरिसकेका छन् । चेक गणतन्त्र र स्लोभाकियाले मंगलबार सरकारी विमानमा १८१ जनालाई स्वदेश फिर्ता गरेको बताएका छन् ।

'हवाई क्षेत्र बन्द भएकाले सेनाको विमान सीधै इजरायल पठाउन सम्भव भएन,' चेक रक्षा मन्त्रालयले एक वक्तव्यमा भन्यो, 'उद्धार गरिएकाहरूलाई बसमार्फत छिमेकी देशको एउटा विमानस्थलमा लगियो । उनीहरूले पैदल सीमा पार गरे ।'

जर्मन सरकारले जोर्डन हुँदै बुधबार र बिहीबार उडानहरू तय गरिएको बताएको छ भने पोल्यान्डले आफ्ना नागरिकहरूमध्ये पहिलो समूह बुधबार फर्कने बताएको छ । ग्रिसले आफ्ना १०५ नागरिक र धेरै विदेशी नागरिकलाई इजिप्ट हुँदै स्वदेश फिर्ता गरेको बताएको छ । १४८ जना यात्रु बोकेको निजी विमान मंगलबार बुल्गेरियाको राजधानी सोफियामा अवतरण गरेको छ ।

## संयुक्त राज्य अमेरिका

इजरायलका लागि अमेरिकी राजदूतले बुधबार हवाई र समुद्री मार्गबाट अमेरिकीहरूलाई निकाल्ने योजना घोषणा गरेका छन् । 'दूतावासले इजरायल छोड्न चाहने अमेरिकी नागरिकहरूका लागि निकासी उडान र क्रुज जहाज प्रस्थानमा काम गरिरहेको छ,' राजदूत माइक हकाबीले एक्समा पोस्ट गरे ।

## अस्ट्रेलिया

अस्ट्रेलियाले इरानबाट करिब एक हजार ५०० र इजरायलबाट एक हजार २०० भन्दा बढी नागरिक निकाल्न थालेको छ । तर अस्ट्रेलियाका विदेशमन्त्री पेनी वोङले मिसाइल आक्रमणले नागरिक विमानहरू कुनै पनि देशमा अवतरण गर्न धेरै जोखिमपूर्ण बनाएको बताए ।

'त्यहाँ नागरिक विमानहरू भित्र ल्याउने क्षमता छैन, यो धेरै जोखिमपूर्ण छ र हवाई क्षेत्र बन्द छ,' उनले राष्ट्रिय प्रसारणकर्ता एबिसीलाई भने, 'हामीले भूमि सीमा पार गरेर अस्ट्रेलियालीहरूको सानो समूहलाई इजरायलबाट बाहिर निकाल्ने अवसर लिएका छौं । हामी आगामी २४ घण्टामा अझ बढी गर्ने प्रयास गरिरहेका छौं ।'

## पाकिस्तान

पाकिस्तानले आफ्नो घर फर्कन चाहने पाकिस्तानीहरू बाहेक छिमेकी इरानसँगको सीमा नाकाहरू बन्द गरेको छ । अहिलेसम्म कम्तीमा २०० विद्यार्थीसहित करिब एक हजार पाकिस्तानी भागेका छन् । इरानबाट कूटनीतिज्ञका परिवार र केही गैरआवश्यक कर्मचारीहरूलाई बाहिर निकालिएको विदेश मन्त्रालयले जनाएको छ ।

## भारत

आर्मेनियाबाट विशेष उडानमा इरानबाट करिब ११० भारतीय विद्यार्थी निकालिएको भारतको विदेश मन्त्रालयले बिहीबार जनाएको छ ।

## न्युजिल्यान्ड

न्युजिल्यान्डले बिहीबार इरानमा रहेको आफ्नो दूतावास बन्द गरेको र दुई जना कर्मचारी र उनीहरूको परिवारलाई भूमिबाट अजरबैजानमा लगेको बताएको छ । 'इरान र इजरायलमा अन्य न्युजिल्यान्डवासीहरूको प्रस्थानमा सहयोग गर्ने अवसरहरू आयो भने हामी उनीहरूलाई तुरुन्तै पछ्याउने छौं,' विदेशमन्त्री विन्स्टन पिटर्सले एक विज्ञप्तिमा भने ।

## जापान

जापानले इजरायलमा बस्ने करिब एक हजार र इरानमा करिब २८० जापानी नागरिकका लागि सैन्य विमानहरूलाई तयारी अवस्थामा राख्न आदेश दिएको सरकारी मन्त्रीहरूले जनाएका छन् । इरान र इजरायलमा रहेका जापानी दूतावासहरूले छिमेकी देशहरूमा नागरिकहरू निकाल्न बसहरू प्रयोग गर्ने तयारी गरिरहेको एक सरकारी प्रवक्ताले बताए । युद्ध सातौं दिनमा प्रवेश गरेको छ । *रासस/एएफपी*

# म्यान्माकी आङ सान सुकीको ८०औं जन्मदिन जेलमा



**याङगुन–** म्यान्माकी पदच्यूत लोकतान्त्रिक नेतृ आङ सान सुकीले बिहीबार आफ्नो ८० औं जन्मदिन सैन्य सरकारको हिरासतमा मनाएकी छन् । हिरासतमा उनले आफ्नो बाँकी जीवनभर चल्ने सजायहरू भोगिरहेकी छन् ।

सुकी म्यान्माको एक दशकको लोकतान्त्रिक सुधारकालको प्रतिनिधि व्यक्तित्व थिइन् र सैन्य शासनबाट खुल्दै गर्दा उनी वास्तविक नेतृ बनेकी छन् । तर सन् २०२१ को विद्रोहमा जनरलहरूले सत्ता फिर्ता लिएपछि उनी भ्रष्टाचारदेखि लिएर कोभिड-१९ महामारीको प्रतिबन्ध उल्लंघन गर्ने अभियोगमा बन्दी बनाइन् र २७ वर्षको सजाय भोगिरहेकी छन् । 'यो क्षणमा उत्सव मनाउन गाह्रो हुने छ,' बेलायतका उनका ४७ वर्षीय छोरा किम एरिसले भने, 'यो यति लामो समयदेखि चलिरहेकाले हामीले सहन सिकेका छौं ।'

उनले आफ्नी आमाको जन्मदिनसम्मका आठ दिनमा ८० किलोमिटर (५० माइल) दौडिरहेका छन् र आफ्नी आमाका लागि ८० हजारभन्दा बढी शुभकामना भिडियो सन्देशहरू संकलन गरेका छन् । तर सुकीले ती देख्न पाउने छैनन् । उनी म्यान्माको फैलिएको राजधानी नेपिडोमा एकान्तमा छिन् जहाँबाट सेनाले गुरिल्ला लडाकुहरूविरुद्ध गृहयुद्धको निर्देशन गर्छ ।

एरिसले आफ्नी आमा जेल परेदेखि दुई वर्षअघि पत्रमार्फत एकपटक मात्र आफ्नी आमाबाट सुनेको बताए । 'उनको अवस्था कस्तो छ हामीलाई थाहा छैन,' उनले भने । उनले आफ्नी आमाले मुटु, हड्डी र दाँतको समस्याको उपचार नपाएर पीडा भोगिरहेको हुनसक्ने डर व्यक्त गरे ।

## के तपाई अझै याद गर्नुहुन्छ ?

सैन्य नियन्त्रणमा रहेका म्यान्माका भागहरूमा कुनै औपचारिक उत्सवको योजना छैन, तर सैन्य नियन्त्रित मान्डले सहरमा अनुयायीहरूको एउटा समूहले उनको जन्मदिनअघि स्वतःस्फूर्त विरोध प्रदर्शन गरेको स्थानीय मिडियाले जनाएको छ । केही मास्क लगाएका प्रदर्शनकारीले सडकमा 'डरबाट मुक्ति' र 'जन्मदिनको शुभकामना' लेखिएका पर्चाहरू छरेका थिए र एक सदस्यले सामाजिक सञ्जालमा साझा गरिएको अस्थिर क्यामेराको फुटेजमा सुकीको तस्बिर समातेका थिए ।

'के तपाई अझै यो महान् व्यक्तिलाई याद गर्नुहुन्छ ?,' भिडियोमा एक प्रदर्शनकारीले सोधे । सुकी बहुसंख्यक बौद्ध देशमा निकै लोकप्रिय छिन्, तर उनले रोहिंग्या मुस्लिम अल्पसंख्यकविरुद्धको कारबाहीमा सेनापतिहरूको रक्षा गरेपछि सैन्य अधिग्रहण हुनुअघि विदेशमा लोकतन्त्रको प्रतीकका रूपमा उनको स्थिति ध्वस्त भएको थियो । म्यान्माको सेनाको लामो प्रभावको विरुद्धमा उन शक्तिहीन रहेको तर्क गरेता पनि लाखौं रोहिंग्यालाई उनको शासनअन्तर्गत छिमेकी बंगलादेशमा भाग्न पठाइयो । तैपनि एकपटक सुकीलाई पुरस्कारहरूको वर्षा गर्ने संस्थाहरू र व्यक्तित्वहरूले तुरुन्तै आफूलाई टाढा राखे र उनको दोस्रो कारावासले धेरै कम अन्तर्राष्ट्रिय ध्यान पाएको छ ।

## बन्द भएको जन्मदिन

म्यान्माको स्वतन्त्रता नायक आङ सानकी छोरी सुकी लगभग संयोगवश लोकतन्त्रकी च्याम्पियन बनिन् । आफ्नो युवावस्थाको धेरै समय विदेशमा बिताएपछि उनी सन् १९८८ मा आफ्नी बिरामी आमाको हेरचाह गर्न फर्किइन् तर दमनद्वारा कुल्चिएको सैन्य विरोधी प्रदर्शनको नेतृत्व गर्न थालिन् ।

उनी १५ वर्षसम्म बन्द थिइन्, जसमध्ये अधिकांश समय उनको परिवारको याङ्गुन लेकसाइड हवेलीमा थियो । त्यहाँ उनले अझै पनि सीमा पर्खालमाथि भाषणका लागि भीड आकर्षित गर्थिन् । सेनाले निर्वासनमा गए स्वतन्त्रता दिने प्रस्ताव गरेको थियो तर उनको शान्त अस्वीकारले उनलाई स्पटलाइटमा ल्यायो र उनलाई सन् १९९१ को नोबेल शान्ति पुरस्कार दिलायो । सुकी सन् २०१० मा रिहा भइन् र सन् २०१५ मा उनको नेसनल लिग फर डेमोक्रेसी पार्टीको चुनावी विजयमा नेतृत्व गरिन् । *रासस/एएफपी*

# स्पेसएक्स स्टारसिप 'नियमित' परीक्षणका क्रममा विष्फोट

**ह्युस्टन (अमेरिका)–** टेक अर्बपति एलन मस्कको स्पेसएक्स स्टारसिप टेक्सासमा बुधबार राति नियमित परीक्षणका क्रममा विष्फोट भएको र कसैलाई चोट नलागेको कानुन प्रवर्तन निकायले बताएको छ ।

स्टारसिप ३६ ले राति ११:०० बजे (०४०० जिएमटी बिहीबार) पछि स्टारबेस प्रक्षेपण सुविधामा 'विनाशकारी विफलता र विष्फोट' भोगेको क्यामरन काउन्टी अधिकारीहरूले फेसबुक पोस्टमा बताएका छन् ।

मस्कको स्पेस एक्सले रकेटले दशौं उडान परीक्षणको तयारी गरिरहेको बेला 'स्टारबेसमा परीक्षण स्टचान्डमा हुँदा ठूलो समस्या अनुभव गरेको' बताएको छ । 'अपरेसनका क्रममा साइट वरपरको सुरक्षा खाली क्षेत्र कायम राखिएको थियो र सबै कर्मचारीहरू सुरक्षित छन् र हिसाब गरिएको छ,' स्पेस एक्सले सामाजिक सञ्जालमा भन्यो, 'वरपरका समुदायका बासिन्दाहरूलाई कुनै खतरा छैन र हामी व्यक्तिहरूलाई सुरक्षा कार्यहरू जारी रहँदा त्यस क्षेत्रमा पुग्ने प्रयास नगर्न आग्रह गर्दछौं ।' *रासस/एएफपी*


**जनकनन्दिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खजुरी, धनुषा, मधेश प्रदेश, नेपाल

**उद्योग तथा व्यवसायका लागि उपभोक्ताम हित संरक्षणमा जारी सूचना**

- बिक्रेताले बिक्री वितरण हुने समानको मूल्यसूचि स्पष्ट रूपमा देखिने गरी विक्री कक्षमा राख्नु पर्नेछ ।
- नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
- आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
- नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजतपत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
- खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
- नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
- होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनाशक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्नेछ ।
- किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनु पर्नेछ ।
- विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
- खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
- खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
- बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
- मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
- पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
- तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
- स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
- ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
- दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
- उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुयाउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएमा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**



**युएइमा रोजगार** कम्पनी : INTEGRATED PARKING SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८२/०३/०५ | LT. No. 321087 | चलानी नं. ६०२३५२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TICKET CONTROLLER / ATTENDANT TICKETING | 100 | 0 | 1000 | ३७,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 948/067/068
**Opus Manpower Pvt. Ltd.** (Mimosa Overseas Pvt.Ltd)
Samakhusi, Townplanning-26, Kathmandu Near Big Mart , Landline No : 01-4957256, Mob:9851100368, 9812569634 E-mail info@opusmanpower.com



**साउदीमा रोजगार** कम्पनी : TIM CONSTRUCTION CO. FOR GENERAL ARCH. CONTRACTING
पूर्व स्वीकृति मिति : २०८१/०४/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०५ | LT. No. 308799 | चलानी नं. ६०२३९८२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 6 | 0 | 1000 | ३६,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१

**युएइमा रोजगार** कम्पनी : BERKELEY SECURITY SERVICES & BUILDING CLEANING ( BR. OF BERKELEY SERVICES UAE LLC
पूर्व स्वीकृति मिति : २०८२/०३/०५ | LT. No. 325842 | चलानी नं. ६०२३९७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 200 | 0 | 800 | ३०,१०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Proficient Employment Services Pvt.Ltd**
श्रम इजाजत नं. १५८२/०७९/८०
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-4970500/4970600

**युएइमा रोजगार** कम्पनी : Federal Security Services LLC
पूर्व स्वीकृति मिति : २०८०/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०५ | LT. No. 302861 | चलानी नं.६०२१९६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Helper | 50 | 0 | 800 | ३०,१०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Female Cleaner/Helper | 0 | 26 | 800 | ३०,१०५ | | | | | | | |
| 3 | Security Guard | 91 | 0 | 1200 | ४५,१५५ | | | | | | | |

कम्पनी : POWER RECRUITMENT LLC
पूर्व स्वीकृति मिति : २०८०/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०५ | LT. No. 302860 | चलानी नं.६०२१७७०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 33 | 0 | 800 | ३०,१०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 125 | 0 | 1200 | ४५,१५५ | | | | | | | |
| 3 | Shuttering Carpenter | 125 | 0 | 1200 | ४५,१५५ | | | | | | | |
| 4 | Steel Fixer | 123 | 0 | 1200 | ४५,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Raj Group Of Company Pvt.Ltd.**
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९५५०० | प्रति तोला - ० | प्रति तोला - २२०० |



**वस्तु सारिँदै** | म्याग्दीको सिख गाउँ आसपासका लेकबाट मुस्ताङको थासाङ गाउँपालिका-२ अन्तर्गतको बतासे लेकमा बाख्रा लग्दै किसान। चिसो मौसममा ६ महिना बेंसी र गर्मी मौसममा ६ महिना लेक राख्ने परम्परालाई अङ्गाल्दै उनीहरूले मुस्ताङको बतासे हुँदै विभिन्न लेकहरूमा ६ महिनाका लागि गोठ स्थानान्तरण गरेका हुन्। *तस्बिरः सुशीलबाबू थकाली/रासस*

## ‘स्तरोन्नति प्रक्रियाले अन्तर्राष्ट्रिय लगानीका नयाँ अवसर खोल्नेछ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा.शिवराज अधिकारीले नेपालको विकासिल मुलुकमा स्तरोन्नती प्रक्रियाले विश्वसनीयता वृद्धि गर्नुका साथै अन्तर्राष्ट्रिय सहकार्य, व्यापार, र लगानीका नयाँ अवसरहरू खोल्ने बताएका छन् ।

विहिबार काठमाडौँमा आयोजना गरिएको ‘नेपालको अतिकम विकसित मुलुकबाट स्तरोन्नती : नेपालको सहज स्तरोन्नती रणनीति चुनौति तथा आगामी कार्यदिशा’ विषयक उच्चस्तरीय राष्ट्रिय कार्यशालामा बोल्दै उपाध्यक्ष अधिकारीले स्तरोन्नती सहित दीर्घकालीन र टिकाउ रूपान्तरणका लागि रणनीतिक तयारी पनि आवश्यक रहेको बताए।

उनले यस कार्यशालाले नेपालको प्रगतिबारे पुनरावलोकन गर्ने, आगामी चुनौतीहरूको मूल्याङ्कन गर्ने, र नेपालको स्तरोन्नती योजनासम्बन्धी केन्द्रित छलफल तथा आवश्यक कार्यहरू तय गर्ने समयसापेक्ष र महत्वपूर्ण अवसर समेत भएको बताए ।

उपाध्यक्ष अधिकरीले अघिल्ला



मूल्याङ्कनहरूभन्दा फरकरूपमा नेपालले आम्दानीको मापदण्डमा तीनवटै आवश्यक मापदण्डहरू समेत पूरा गरेको बताए ।

‘हामीले उल्लेखनीय प्रगति गरेका छौं, अब अझ बढी लगानी, प्रयास, र स्पष्ट राष्ट्रिय दिशाको आवश्यकता छ, यो नेपालको क्षमताको प्रदर्शन गर्ने समय हो,’ उपाध्यक्ष अधिकारीले भने ।

उनले न्यून उत्पादकत्व, कमजोर आर्थिक विविधिकरण, ढिलो संरचनागत रूपान्तरण र जलवायु संकटप्रति संवेदनशीलता जस्ता अझै केही चुनौतीहरू समेत रहेको बताउँदै अबको लक्ष्य केवल स्तरोन्नती हुनु मात्र नभइ त्यसलाई सहज, गुणस्तरीय र दीर्घकालीन बनाउनु पर्ने धारणा राखे ।

उपाध्यक्ष अधिकारीले यस रूपान्तरणलाई मार्गनिर्देशन गर्न नेपाल सरकारद्वारा तयार पारिएको ‘सहज रूपान्तरण रणनीति एउटा समग्र रूपरेखा भएको जसले जोखिम व्यवस्थापन, अवसरको उपयोग, र द्विविधाहरूसँग सामना गर्न मद्दत पुऱ्याउने समेत बताए ।

‘नेपाल अहिले एउटा ऐतिहासिक मोडमा छ, अति कम विकसित राष्ट श्रेणीबाट स्तरोन्नती हुनु हाम्रो प्रगतिको एक महत्वपूर्ण मान्यता हो,यसले हाम्रो विकास यात्रामा नयाँ मोड ल्याउँछ, र आर्थिक सूचकांक, मानव विकास, तथा लचिलोपनमा देखिएको वास्तविक प्रगतिलाई प्रमाणित गर्दछ,’ उपाध्यक्ष अधिकारीले भने ।

उपाध्यक्ष अधिकारीले राष्ट्रिय योजना आयोगले यस परिवर्तनलाई साथ दिन आवश्यक पहलहरू सुरु गरिसकेको भन्दै विकास परियोजनाहरूको पुनरावलोकन तथा प्राथमिकताकरण गरिरहेको,राष्ट्रिय परियोजना बैंक सुदृढ गरेको, र वित्तिय संघीयताको कार्यान्वयनतर्फ अघि बढिरहेको हुँदा यस्ता प्रयासहरूले लगानी बढाउन, स्रोतको सदुपयोग गर्न, र लचिलो तथा उत्पादक अर्थतन्त्र निर्माण गर्न मद्दत पुऱ्याउने दाबी गरे ।

साथै, आयोगले १६ औं योजना, दिगो विकास लक्ष्य र सहज रूपान्तरण रणनीति लागू गर्दा समन्वय, प्रभाव र द्विविधाहरूको मूल्यांकन गर्दै अगाडि बढिरहेको र योजना परिपूर्ण नतिजामा केन्द्रित होस् भनेर रणनीतिक सम्बन्धलाई कायम राख्न प्रयासरत रहेको समेत बताए । राष्ट्रिय योजना आयोग र युएन इस्कयापको सह आयोजनामा काठमाडौँमा भएको कार्यशाला दुई दिन सम्म चल्नेछ ।

## बजेट अर्थतन्त्र निर्माणको संकल्पसहित प्रस्तुत भएको छ : अर्थमन्त्री पौडेल

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटले सुदृढ अर्थतन्त्र निर्माणको दिशामा थप एक कदम अघि बढाउने विश्वास व्यक्त गरेका छन् ।

राष्ट्रियसभाको बिहीबारको बैठकमा अर्थमन्त्री पौडेलले आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै प्रस्तुत बजेटले नयाँ सपना देख्ने भन्दा पनि देखेका सपनालाई पूरा गर्ने बताए ।

अर्थमन्त्री पौडेलले बजेट कार्यान्वयनका दृष्टिकोणले नयाँ उदाहरण स्थापित गर्नेमा विश्वास व्यक्त गरे । उनले भने, ‘बजेट आकार, अनुमान र प्रस्तावका दृष्टिले मात्र होइन कार्यान्वयनमा दृष्टिले पनि उपयुक्त थियो भन्ने अभिलेख होस भन्ने सोच र संकल्पका साथमा बजेट प्रस्तुत भएको छ ।’ आगामी आर्थिक वर्षको अन्त्यसम्म मुद्रास्फीति ५.५ प्रतिशतमा राख्न छ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने गरी बजेट कार्यानवयन हुने समेत उल्लेख गरे ।

‘बजेटमार्फत मुलुकको अर्थतन्त्र चलायमान हुनेछ, बजेट कार्यान्वयनपछि हामी सुदृढ राष्ट्रिय अर्थतन्त्रको निर्माणको दिशामा एक कदम अघि बढेको हुनेछौं, सोही अठोट र संकल्पसहित प्रस्तुत बजेट आएको छ’, अर्थमन्त्री पौडेलले भने ।

आगामी आवको बजेट नयाँ योजनाको भन्दा पनि विगतमा सुरु भएका योजना पूरा गर्ने गरी आएको उल्लेख गर्दै उनले विगतमा घोषणा गर्ने गरेका आयोजनाहरूको प्रभावकारी कार्यान्वयनमा केन्द्रित रहेको उल्लेख गरे ।

## किसानलाई अनुदानमा कृषिउपकरण

**धरान (प्रस)–** बराहक्षेत्र नगरपालिकाले बराहक्षेत्र नगरपालिका-६ र ९ श्रीलंका टापुका किसानलाई अनुदानमा आधुनिक कृषिउपकरण वितरण गरेको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सञ्चालन गरिएको मकै पकेट क्षेत्र विकास कार्यक्रम तथा कोशी प्रदेश सरकारको उद्योग, कृषि तथा सहकारी मन्त्रालयको वित्तीय हस्तान्तरण कार्यक्रममार्फत विद्युतीय मोटर, डेलिभरी पाइप, त्रिपाललगायत सामग्री वितरण गरिएको हो।

बराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्कीका अनुसार किसानलाई ४३ थान विद्युतीय मोटर, ६० थान डेलिभरी पाइप र एक सय ५५ थान त्रिपाल वितरण गरिएको छ। नगरको वार्षिक कार्यक्रमअनुसार सूचना जारी गरी कृषकको आवेदन संकलनपछि छनोट गरिएका लाभग्राहीलाई गरैया कृषि सहकारी संस्थाको समन्वयमा आधुनिक कृषि प्रणाली अपनाउन सहयोग पुग्ने अपेक्षासहित ५० प्रतिशत अनुदानमा उपकरण वितरण गरिएको उनले बताए। श्रीलंका टापुमा मकै, तरकारी, धानलगायत नगदे बालीको उत्पादन प्रशस्त हुने भएकाले वितरण गरिएका जनाइएको छ।

**कर्पोरेट**

### नेशनल लाइफ इन्स्योरेन्सको साधारण सम्पन्न





**काठमाडौं (प्रस)–** नेशनल लाइफ इन्स्योरेन्सको ३७ औं साधारण सम्पन्न भएको छ। बिहीबार कम्पनीको अध्यक्ष प्रेमा सिंहको अध्यक्षतामा सम्पन्न भएको हो। सभामा अध्यक्ष सिंहले समिक्षा वर्ष २०८०/८१ मा अर्थतन्त्र चुनौतीपुर्ण रहेको उल्लेख गरिन्।

साधारणसभामा आ.व.२०८०/०८१ मा कम्पनीको ब्यवसाय सन्तोषनजनक रहेको जनाउँदै कम्पनीको हालको अवस्थाबारे जानकारी दिइएको थियो । कम्पनीको कूल बीमाशुल्क २१.९० प्रतिशतले बृद्धि भई रु.२०४९.१२ करोड पुगेको छ। समिक्षा वर्षको संचालनवाट जम्मा रु.१३६८.१८ करोड खूद थप रकम कूल बीमा करार दायित्वमा सारिएको छ र कूल बीमा करार दायित्व गत वर्षको तुलनामा २१.७० प्रतिशतले बृद्धि भई वर्षान्तमा रु.७९६०.१८ करोड पुगेको छ।

यसैगरी कम्पनीले समीक्षा वर्षमा मृत्यु दावी, अवधि समाप्ती एवं आंशिक अवधि समाप्ती दावी, सर्मपण मूल्य, दावी एंव अन्य दावी भुक्तानीमा रु. ८३२.८२ करोड दावी भुक्तानी गरेको छ। कूल लगानी १७.३५ प्रतिशतले बृद्धि भई रु.७०१५.४६ करोड पुगेको छ । कम्पनीको लगानी प्रतिफलमा स्थायित्व ल्याउन दीर्घकालिन निक्षेपमा अधिकतम् लगानी गर्न कम्पनी प्रयासरत छ । कम्पनीको लगानीमा वार्षिक औसत प्रतिफल दर सन्तोषजनक छ र आ.व.२०८०/०८१ मा सो दर ९.१७ प्रतिशत कायम रहेको छ।

३७ औं वार्षिक साधारण सभाले आ.व. २०८०/०८१ को लागि कम्पनीको अद्यावधिक चुक्ता पूँजी रु.५,२१,२१,३३,०८२र( मा १० प्रतिशतका दरले नगद लाभांश रु.५२,१२,१३,३०८/२० र ५ प्रतिशतका दरले वोनस शेयर लाभांश रु.२६,०६,०६,६५४/१०( साथै उक्त नगद एवं वोनस लाभांशमा कर प्रयोजनको लागि रु.४,११,४८,४१८/७० नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गरेको छ। नियामक निकायले जीवन बीमा कम्पनीको चुक्ता पूँजी रु.५ अरब पुऱ्याउनु पर्ने वाध्यात्मक ब्यवस्था गरेकोमा हाल कायम रहेको चुक्ता पूँजी रु.५,२१,२१,३३,०८२र( मा ५ प्रतिशतको वोनस शेयर थप भई कूल चुक्ता पूँजी रु.५,४७,२७,३९,७३६र( पुगेको जानकारी दिइएको छ । ३७ वौं वार्षिक साधारण सभाबाट संस्थापक सदस्यहरूको तर्फबाट ३ जना संचालकहरू प्रेमाराज्य लक्ष्मी सिहं, रथी पवनबहादुर पाँडे (अ.प्रा) र कुशल मल्ली साथै सर्वसाधारण समूह तर्फबाट २ जना संचालकहरू कुलदीप शरण सिंह र भवानी राणालाई संचालक समितिमा निर्वाचित गरेको छ।

### नेपाल इन्भेष्टमेण्ट मेगा बैंक र हिल्टन होटलबीच सम्झौता

**काठमाडौं (प्रस)–** नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडका ग्राहकवर्गहरूलाई काठमाडौं स्थित हिल्टन होटेलमा विषेश छुट पाइने भएको छ । नेपाल इन्भेष्टमेण्ट मेगा बैंक (एनआईएमबी) लिमिटेड र हिल्टन होटेल बीच भएको सम्झौतामा एनआईएमबीका ग्राहकवर्गहरूलाई फुड एण्ड बेवरेजमा १०% सम्म छुट दिने भएको छ । छुट सुविधा पाउन ग्राहकले एनआईएमबीको डेबिट/क्रेडिट कार्ड वा एनआईएमबी स्मार्ट (मोबाईल बैंकिङ) मार्फत भुक्तानी गर्नुपर्ने हुन्छ। ग्राहकवर्गहरूलाई डिजिटल माध्यम प्रयोग गरि भुक्तानी प्रोत्साहन गर्न विभिन्न छुट तथा सुविधाहरू बैंकले दिदै आएको छ।





## याङ्गोको दैनिक चार हजार कमाउने अफर

■ प्रभाव संवाददाता

**काठमाडौं–** केही समयअघिदेखि नेपाली बजारमा प्रवेश गरेको राइड हेलिङ एप ‘याङ्गो’ले बोनस अफर सार्वजनिक गरेको छ।

नेपालमा सञ्चालित दर्जनबढी राइड शेयरिङ एपमध्ये ठूलो हिस्सा दुई विदेशी कम्पनी पठाओ र इन्ड्राइभले ओगटेको समयमा अर्को विदेशी कम्पनीले याङ्गोमा जोडिएका चालकहरूले दैनिक कम्तीमा १६ ट्रिप गरेरमा चार हजार रूपैयाँसम्म कमाउने अफर ल्याएको हो।

उपाय, दोस्ती, ई ड्राइभ नेपाल, नेपाल फ्लिट, किम एडभेन्चरलगायत नेपाली कम्पनीसँग मिलेर याङ्गोले एक महिनाअघि काठमाडौंमा परीक्षण राइड सेवा सुरु गरेको थियो।

दोस्ती राइडमा रहेर फूलटाइम बाइक चालक संजिप राईले याङ्गो एप मार्फत दैनिक २,५००-३,००० रूपैयाँ कमाउने बताएका छन्। ‘याङ्गो मेरो लागि अन्य कुनै पनि प्लेटफर्म भन्दा राम्रो भएको छ। मैले अन्य सबै राइड-सेयरिङ एपहरू प्रयोग गर्न छोडेको छु। यदि चीजहरू यस्तै रहिरहे भने, म लामो समयसम्म याङ्गोसँग रहनेछु। बढ्दो दैनिक बोनसले मलाई सबैभन्दा बढी आकर्षित गऱ्यो।’ अर्का चालक, किरण राईले पनि याङ्गोको बोनस प्रणालीबाट सन्तुष्ट छन्। उनी भन्छन्, ‘प्रति दिन रु. २,५०० भन्दा बढी कमाइ हुने गरेको छ।’

बाइक चालक तेज कुमार लामा याङ्गोमार्फत आय आर्जन गर्ने तरिका सिकाउँदै भन्छन्। ‘आफू अनुकुल समय मिलाएर दैनिक १६ ट्रिप पूरा गरेपछि बाइक पार्किङमा राखे हुन्छ। यसबाट औसत रूपमा दैनिक तीन देखि चार हजार रूपैयाँसम्म कमाइ हुन्छ।’ याङ्गोको परीक्षण सेवा सुरु भएतायता पार्ट-टाइम चालकको रूपमा काम गरिरहेका अनिल केसीले यसले उनलाई खाना र इन्धनको खर्च सहज रूपमा पूरा गर्न मद्दत गर्ने बताउँछन्। ‘यात्रुहरूबाट मैले पाउने पैसाले मेरो खर्च आरामसँग पूरा गर्छु, म पार्ट-टाइम आधारमा गाडी चलाउँछु र दैनिक लगभग रु. १,५०० कमाउँछु। सामान्यतया म प्रति दिन ६-८ अर्डरहरू पूरा गर्छु।’





राइड-हेलिङ सेवामा यात्रु वा चालकको सुरक्षा नै पहिलो प्राथमिकता भएको कम्पनीले जनाएको छ। यसका लागि कम्पनीले २० भन्दा बढी सेफ्टी फिचरसमेत ल्याएको छ।

याङ्गो समूह एक अन्तर्राष्ट्रिय प्रविधि कम्पनी हो, जसले विश्वव्यापी रूपमा प्राप्त प्रविधिहरूलाई स्थानीय समुदायहरू अनुरूप दैनिक सेवाहरूमा रूपान्तरण गर्दछ। याङ्गो समूहले अफ्रिका, ल्याटिन अमेरिका, युरोप, मध्यपूर्व, दक्षिण एशियासहित ३० बढी देशमा गतिशीलता, डेलिभरी, फूडटेक, मनोरञ्जनलगायत डिजिटल सेवाहरू प्रदान गरिरहेको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ